
बाइबलका
शिक्षाहरुको श्रृखला



हामी येशूमा विश्वास गरेर कसरी क्षमा गरिन्छौ भन्ने बारेमा एउटा अध्ययन

# रोमीहरुलाई पावलको पत्र

# रोमीहरुलाई
## पावलको पत्र

हामी येशूमा विश्वास गरेर कसरी क्षमा गरिन्छौ भन्ने
बारेमा एउटा अध्ययन

Multi-Language Productions
Bringing the Word to the World

यस पुस्तकको पाठहरु वीस्कान्सिन इभान्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशन द्वारा उत्पादन गरिएको ।

कपिराईट © २०१०

२०१० मा प्रकाशित

रङ्गीन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्य हो । दृष्टान्तहरु नर्थ वेष्टर्न पब्लिसिङ्ग हाउसले सुरक्षित राखेको छ ।

बाइबलका अंशहरु नेपाली पवित्र बाइबल न्यु रिभाईज्ड भसर्न बाट लिइएको हो ।

कपिराईट © १९९७,२००९ नेपाल बाइबल सोायटीको अनुमतिले प्रयोग गरिएको हो ।

पुस्तक २०

# विषय सूची


प्रारम्भमा ........................................................ १

अध्याय १
रोमीहरुको पत्रको परिचय .................................... ३
(रोमी १:१ १७)

अध्याय २
हामी सबै पापी हौं ............................................. १७
(रोमी १:१८ ३:२०)

अध्याय ३
हामी क्षमा गरिएका (धर्मी ठहरिएका) छौं ................. ३५
(रोमी ३:२१ ८:३९)

अध्याय ४
परमेश्वर सबैले येशूमाथि विश्वास गरुन भन्ने चाहनु हुन्छ
............................................................................ ७१
(रोमी ९:१ ११:३६)

अध्याय ५
परमेश्वर विश्वासीहरुले उहाँको सेवा गरुन् भन्ने चाहनुहुन्छ
............................................................................ ८७
(रोमी १२:१ १५:३३)

अध्याय ६
पावलले रोमीहरुलाई लेखेको पत्रको समाप्ती ........... १२३
(रोमी १६:१ २७)

शब्द सूचि ........................................................ १३३
अध्याय परीक्षाका उत्तरहरु.................................... १३७
अन्तिम परीक्षा ................................................. १३८

# प्रारम्भमा

यो पुस्तकले तपाई आफ्नो असल कामद्वारा होइन तर येशू खीष्ट, तपाईको मुक्तिदातामाथि विश्वास गरेर मात्र तपाईलाई उद्धार प्राप्त हुन्छ भन्ने सिकाउँदछ । प्रत्येक अध्याय (*) सानो ताराले संकेत गरेको उद्देश्य सहित शुरु हुन्छ । यी उद्देश्यहरुले प्रत्येक अध्यायमा तपाईले के सिक्नु हुनेछ भन्ने बताउँछ । तपाईले केही हरफहरु पढनु हुनेछ अनि केही प्रश्नहरुको उत्तरहरु दिनुहुनेछ । प्रत्येक अध्यायको अन्तमा छोटो जाँच छ । यो जाँचका प्रश्नहरु तपाईले त्यस अध्यायमा अध्ययन गर्नुभएको र पुरा गर्नुभएको प्रश्नहरुबाट मात्र सोधिएको छ ।

जब तपाई एउटा समूहको प्रश्नका उत्तरहरु दिइसक्नु हुनेछ, तब तपाईंलाई एउटा पृष्ठ संख्या दिइनेछ, जसमा तपाई आफ्ना उत्तरहरु हेर्न सक्नु हुनेछ । अगाडि पढ्नु भन्दा पहिले आफ्ना उत्तरहरु हेर्नुहोस् ।

पुस्तकको अन्तमा अन्तिम जाँच रहेको छ । यो अन्तिम जाँचको प्रश्नहरुको उत्तरहरु दिनुभन्दा पहिले अध्यायका जाँचहरु दोहऱ्याउनुहोस् । जब तपाई  अन्तिम जाँच पुरा गर्नुहुन्छ, तपाई त्यो जाँच या त तपाईलाई यो पुस्तक दिने व्यक्तिलाई फिर्ता गर्न सक्नुहुन्छ वा यस पुस्तकको पछाडि दिइएको ठेगानामा पठाउन सक्नुहुन्छ ।

हामी प्रार्थना गर्दछौं कि जब तपाई रोमीहरुलाई लेखेको यो पत्र पढनुहुन्छ अनि तपाईको प्रभुले येशू खीष्टले तपाईलाई क्षमादिनु भएको छ र  उद्धार गर्नुभएको छ भनेर तपाई सिक्नुहुनेछ, तब स्वर्ग जाने बाटो येशू एक मात्र हुनुहुन्छ भन्ने विश्वासमा तपाई बलीयो हुनु हुनेछ ।



स्तिफनसलाई ढुङ्गा हानिदै ।

*अध्याय एक*

# रोमीको पत्रको परिचय

## रोमी १:१-१७ पढ्नुहोस्

हिजो आज, जब हामी कसैलाई पत्र लेख्दछौं, हामी हाम्रो नाम प्राय: जसो पत्रको अन्तमा राख्दछौं । तर, प्रेरित पावल हामीलाई शुरुमा नै रोमी इसाईहरुलाई यो पत्र लेख्ने व्यक्ति उनी नै हुन भनेर बताउँदछन् ।

यस अध्यायमा हामी सिक्न चाहन्छौं:

* प्रेरित पावल को हुन्,
* यो पत्र लेख्नुको कारण र मिति,
* पावलले जसलाई लेख्दैछन् तिनीहरुको बारेमा, अनि
* धार्मिकता परमेश्वरबाट कसरी आउँछ ।


प्रेरित पावल, जसले यो पत्र रोमीहरुलाई लेखे, तिनी सधै नै येशूका मित्र तथा चेला थिएनन् । उनको शुरुको जीवनकालमा उनी येशू र इसाई मण्डलीका शत्रु थिए ।

पावल यहूदी जातिमा, टार्सस भन्ने शहर -जुन अहिले टर्की देश भित्र पर्दछ त्यहाँ जन्मेका थिए (प्रेरित २१:३९) । तथापि पावल यरुशलेम शहरमा हुर्केका थिए भन्ने देखिन्छ किनकि तिनी गमलिएल नामका धर्मगुरुद्वारा प्रशिक्षित भएका थिए (प्रेरित २२:३) । उनले पुरानो करारमा प्रकट गरिएको व्यवस्था बारे पूरा तालिम लिएको कुरा व्यक्त गरेका छन् । उनको शुरुको जीवनमा उनी विश्वासयोग्य यहूदी थिए । साथै उनी एक रोमन नागरिक पनि थिए (प्रेरित २२:२५) ।

युवास्थामा तिनी शाऊल नामले चिनिन्थे । शाऊलले येशू ख्रीष्टको मण्डलीलाई सतावट गरे । उनी नै ती व्यक्ति थिए, जसको खुट्टानिर यहूदीहरुद्वारा यरुशलेममा मारिएका इसाई स्तिफनसको लुगाहरु राखिएको थियो ।

पवित्र बाइबलले हामीलाई बताउँछ कि पावलले स्तिफनसको मृत्युलाई प्रमाणित गरे । (प्रेरित ७:५८-८:१) । पछिबाट पावलले येशू ख्रीष्टको मण्डलीलाई सताएको स्वीकार गर्दछन् । १तिमोथी १अध्यायको पद १३ मा उनी लेख्दछन्, “अगाडि मैले निन्दा गरेँ, खेदो गरेँ, र उहाँको अपमान गरेँ, तर मैले यी अजान र अविश्वासमा गरेको हुनाले मैले कृपा पाएँ ।”

परमेश्वरले शाऊलमाथि कृपा गर्नुभयो । जब शाऊल इसाईहरुलाई पक्रन अनि त्यस शहरका मण्डलीहरुलाई सताउन दमस्कसको यात्रा गर्दै थिए, त्यसैबेला येशू अचानक चम्किलो ज्योतिको रुपमा शाऊल समक्ष प्रकट हुनुभयो अनि ठूलो सोरमा भन्नुभयो “शाऊल, शाऊल, तिमी मलाई किन सताउँछौं ? शाऊल तत्कालै भुईमा लोटे अनि अन्धा भए । तब हननिया नाउँ गरेका एकजना इसाईको सहयोगबाट शाऊल येशू ख्रीष्टको विश्वासी भए (प्रेरित ९:१-३१) । पछिबाट शाऊलको नाउँ पावलमा परिणत भयो । ( प्रेरित १२:९) । अब पावल प्रेरित, येशूद्वारा चुनिएका चेला, प्रेरित भए, जस वारेमा पावल भन्दछन्, “म प्रभु येशू ख्रीष्टको सेवा गर्दछु ।”



शाऊल दमस्कसको बाटोमा

१. उनको युवास्थामा पावल येशू र इसाई मण्डलीका ........... थिए ।
२. पावल यहूदी थिए, तर उनी ............. नागरिक पनि थिए ।
३. युवास्थामा तिनी ............ नाउँले चिनिन्थे ।
४. पावलले येशू ख्रीष्टको मण्डलीलाई ................ स्वीकार गरे ।
५. हननिया नाउँ गरेका एकजना इसाईको सहयोगद्वारा शाऊल येशूको ........... भए ।
६. प्रेरित पावल विशेष गरेर ........ द्वारा चुनिएका थिए ।

यी प्रश्नहरुका उत्तरहरु पृष्ठ १५ मा पाउनु हुनेछ ।

नयाँ करारमा पाइएका मध्ये धेरै जसो पत्रहरु पावलले लेखेका हुन् । केही पत्रहरु उनले व्यक्ति विशेषलाई लेखे, जस्तै तिमोथीलाई पावलको पत्र, तीतसलाई पावलको पत्र र फिलेमोनलाई पावलको पत्र । अरु पत्रहरु इसाईहरुको समूहलाई लेखिएका थिए, जस्तै गलातीहरुलाई पावलको पत्र, एफिसीहरुलाई पावलको पत्र र रोमीहरुलाई पावलको पत्र, जुन अहिले हामी अध्ययन गरिरहेका छौं ।

रोमीहरुलाई पावलले लेखेको पत्र उनी कोरिन्थ शहरमा हुँदा ई. सं. ५७ मा लेखेका थिए । उनले रोम शहरमा रहेको इसाईहरुलाई भेट्न चाहेका थिए । उनले

"परमेश्वरका पुत्र सम्बन्धी असल सुसमाचार" रोमी इसाईहरुसँग बाँडन चाहेका थिए ।

रोमीहरुलाई लेखेको पत्रको पहिलो अध्ययको शुरुका पदहरुमा पावलले येशू दाउद राजाका वंशमा जन्मनु भएको थियो भन्ने देखाएका छन् । उनी तिनीहरुलाई येशू परमेश्वरका पुत्र हुनुहुन्छ भनी स्मरण गराउँदछन् किनभने क्रूसमा मर्नु भएपछि येशू मृत्युबाट पुनर्जीवित हुनुभयो । "उहाँ येशू ख्रीष्ट, हाम्रा प्रभु हुनुहुन्छ ।"

पावललाई येशूमा बिश्वास गर्न ल्याउनका लागि र उहाँलाई प्रेरित भनेर सम्बोधन गर्नको लागि परमेश्वरले जे गर्नुभयो,अब पावल तिनीहरुकहाँ सुसमाचार ल्याउन चाहान्थे जो यहुदीहरु थिएनन् । परमेश्वरको प्रेम र शान्ति, जुन परमेश्वरले मात्र दिन सक्नुहुन्छ, सो रोममा रहेका विश्वासीहरुलाई दिइयोस भनी अनुरोध गर्दछन् ।

७. पावल परमेश्वरका पुत्र सम्बन्धी "..................... " बाँडन चाहन्छन् ।
८. पहिलो अध्यायको शुरुका पदहरुमा पावलले येशू साँचो मानिस हुनुहुन्छ किनभने उहाँ .................. का वंशमा जन्मनु भएको थियो भनेर देखाएका छन् ।


९. पावल हामीलाई स्मरण गराउँदछन् कि येशू ............... का ............ हुनुहुन्छ किनभने उहाँ मृत्यूबाट पुनर्जीवित हुनुभयो ।

१०. पावल अब गैर ............ का निम्ति सुसमाचारको सन्देश ल्याउन चाहन्छन् ।

यी प्रश्नहरुका उत्तरहरु पृष्ठ १५ मा पाउनु हुनेछ ।

पावलले ती मानिसहरुलाई यो पत्र लेखिरहेका छन जो रोम शहरका हुन ? रोममा आराधना गर्ने समूह कसरी स्थापना भयो भन्ने सम्बन्धमा हामी निश्चित हुन सक्दैनौं । सायद पेन्तिकोसको दिन रोमबाट आएका केही मानिसहरु यरुशलेम शहरमा थिए, जुनबेला प्रेरित पत्रुसले त्यसबेलाको परिचित सबै देशका मानिसहरुलाई प्रचार गरे । र साथै ३००० मानिसहरुलाई बप्तिस्मा दिएका थिए । ती मध्ये केही त्यस शहरमा इसाईहरु सम्बन्धि मण्डली शुरु गर्नका लागि रोम फर्केका हुन सक्दथे । विश्वको अरु देशका मण्डलीहरुमा जब सतावट शुरु भयो, तब ती पीडित इसाईहरु रोम शहर तर्फ लागे अनि त्यहाँ आराधना गर्ने समुह खडा गरेको पनि हुन सक्दथ्यो ।

रोममा रहेका इसाईहरुहरुको जीवन आनन्दले भरिएको थियो भन्ने सम्बन्धमा हामी निश्चय नै थाहा पाउँछौ किनकि तिनीहरुले येशूमाथि मुक्तिदाता भनेर विश्वास गरेका थिए । पावल पद ८ मा लेख्दछन्, “तिमीहरुको



पावलले असल सुमाचार प्रचार गरे ।

विश्वासको कुरा सारा संसारमा प्रचार भएको छ ।" तिनीहरुसँग विश्वास बाँडनको लागि अनि तिनीहरुको विश्वासको बारेमा जान्नको लागि पावलले तिनीहरुसँग भेटन चाहेका छन् । साथै पावल "तिमीहरु रोममा भएका लाई पनि सुसमाचार प्रचार गर्न चाहान्छन" ।

यी वचनले सबै मानिसहरु, जो इसाईहरु छन् तिनीहरुलाई उत्साहित गर्दछ । येशूले मानव-पुत्र अनि परमेश्वर-पुत्रको रुपमा हाम्रो लागि जे गर्नुभयो, त्यो सुसमाचारले विश्वासी हृदयलाई भर्दछ अनि आनन्दमय तुल्याउँदछ । बिश्वासीहरु सुखी हुन सक्दछन् किनभने तिनीहरुको जीवन आत्मिक वरदानले भरिएको हुन्छ ।

यी वचनले हामी सबै इसाईहरुलाई अरुसँग हाम्रो विश्वास बाँडन अनि अगुवाहरु द्वारा हामीलाई सिकाइएका परमेश्वरका वचन सुन्न समेत प्रेरित गर्दछ । यो सुसमाचारको त्यस्तो सन्देश हो, जसले यस संसारमा हाम्रा सबै समस्याहरुको सामना गर्न हाम्रो विश्वास बलियो पार्दछ र हाम्रो जीवन हाम्रा प्रभु अनि मुक्तिदाता येशू ख्रीष्टसँग स्वर्गमा हुने प्रतिक्षा गर्दछ ।

११. रोममा भएका इसाईहरुको जीवन .......... ले भरिएको थियो भनी हामी जान्दछौं किनभने तिनीहरुले ............ लाई मुक्तिदाताको रुपमा ............. गरे ।

१२. इसाईहरु .......... मानिस हुन किनभने तिनीहरुको जीवन .............. वरदानले भरिएको हुन्छ ।
१३. इसाईहरुले आफ्नो विश्वास अरुसँग ................. पर्दछ ।
१४. ................. को सन्देशले हाम्रो विश्वास बलियो पार्दछ ।

यी प्रश्नहरुका उत्तरहरु पृष्ठ १५ मा हेर्नुहोस ।

अध्याय १ को पद १६ मा पावलले हामी सबै इसाईहरुलाई सम्झाउँदछन् कि हामी असल सुसमाचारसँग लज्जित हुनु पर्दैन । यो असल समाचारले येशूमा विश्वास गर्ने प्रत्येकलाई बचाउँदछ । यो असल समाचार यहूदी अनि गैर यहूदी दुवै थरिको लागि हो ।

हाम्रो निम्ति येशूले पापरहित सत्य जीवन जिएर अनि हाम्रै निम्ति निर्दोष भएर पनि मर्नु भएको कारणले गर्दा हामी अहिले धर्मी ठहरिएका छौ । परमेश्वरले हाम्रो पापलाई हेर्नुहुन्न, बरु येशूले हामी प्रत्येकको लागि के गर्नुभयो त्यो हेर्नु हुन्छ । जब बाइबलमा परमेश्वरको सन्देशद्वारा हामीमाथि पवित्र आत्माको शक्तिले कार्य गर्नुहुन्छ, तब तपाई येशूलाई मुक्तिदाताको रुपमा विश्वास गर्नुहुन्छ अनि तपाई विश्वासद्वारा उद्धार गरिनुहुन्छ । यो नै त्यो सन्देश हो जुन प्रेरित पावल रोमी इसाईहरुसँग अनि हामीसँग बाँडन चाहन्छन् । पावलले रोमीहरुलाई लेखेको निम्न पत्रहरुमा, हामी सिक्ने छौं कि हामी यहूदी हौ वा गैर यहूदी विश्वासद्वारा

हामी उद्धार गरिएका छौ अनि परमेश्वरद्वारा क्षमा गरिएका छौं ।

१५. येशूमा विश्वास गर्ने ............. लाई असल समाचारले उद्धार गर्दछ ।

१६. येशूले हाम्रो लागि जे गर्नुभयो, त्यही कारणले हामी .......... द्वारा धर्मी ठहरिएका छौं ।

१७. तपाई ........... द्वारा येशूमा उद्धार हुनु भएको छ ।

यी प्रश्नका उत्तरहरु पृष्ठ १५ मा हेर्नुहोस् ।

## अध्याय एकको पुनरावलोकन

प्रेरित पावल येशूमाथि सधैं विश्वासी थिएनन् । उनको शुरुको जीवनकालमा उनलाई शाऊल भन्ने गरिन्थ्यो र तिनी इसाईहरुहरुलाई सताउँदथे अनि हत्या समेत गर्दथे । तर परमेश्वरको उनीमाथि कृपा थियो त्यसैले येशूले दमस्कस शहरको नजिकैको बाटोमा पावललाई, गैर यहुदीहरुको लागि उहाँको प्रेरित बन्नलाई भन्नुभयो ।

पावलले अब रोमका मानिसहरु अनि हाम्रो लागि पनि सुसमाचारको सन्देश ल्याउन चाहन्छन् । पावलले यो पत्र लगभग ई. सं. ५५ तिर उनी कोरिन्थ शहरमा छँदा रोमी इसाईहरुलाई लेखेका हुन् । रोममा मण्डलीहरु कसरी शुरु भए भन्ने सम्बन्धमा हामी निश्चित तोकेर भन्न सक्दैनौ । यरुशलेम शहरमा पेन्तिकोस चाडको बेला उपस्थित भएका मानिसहरुले यो शुरु गरेका हुन सक्दछन्, जुनबेला प्रेरित पत्रुसको उपदेश तिनीहरुले सुने र तिनीहरुलाई बप्तिस्मा दिइयो । अथवा अन्य शहरमा सताइएका इसाईहरु रोममा आएर आराधना सेवाहरु स्थापना गरेको हुन सक्दछन् ।

पावल रोमका मानिसहरुसँग सुसमाचारको सन्देश बाँडन चाहन्छन् । पावल भन्दछन् - रोमका यी इसाईहरुको विश्वास संसार भरी नै प्रसिद्ध छ । सुसमाचारले इसाईहरुको हृदयमा खुशी उत्पन्न गर्दछ । विश्वासीहरु सुसमाचारका सन्देशसँग लज्जित हुनु पर्दैन,

बरु अरुसँग यो बाँडनु पर्दछ र साथै प्रचार गर्ने अनि येशूको बारेमा शिक्षा दिने अगुवा तथा पास्टरहरुको उपदेश सुन्नु पर्दछ । पवित्र आत्माले, तब सुसमाचारको सन्देसद्वारा हामीकहाँ मुक्तिदातामा बिश्वास गर्न लगाउनुहुन्छ ।

**अध्याय एकका प्रश्नहरुका उत्तरहरु**

१. शत्रुः २ रोमी; ३ शाऊल; ४ सताएको; ५ विश्वासी; ६ येशू; ७ असल समाचार; ८ राजा दाऊद; ९ परमेश्वर, पुत्र; १० यहूदीहरु; ११ आनन्द, येशू; विश्वास; १२ सुखी, आत्मिक; १३ बाँडनु; १४ सुसमाचार; १५ प्रत्येक; १६ विश्वास; १७ विश्वास ।

# अध्याय एकको परीक्षा

१. उनको प्रारम्भिक जीवनमा पावल येशू र इसाई मण्डलीको ......... थिए ।
२. हननिया नाउँ गरेका एकजना इसाइको सहयोगद्वारा शाऊल येशू खीष्टको ......... भए ।
३. प्रेरित पावल, विशेष गरेर ............. द्वारा चुनिएका थिए ।
४. पावल परमेश्वरका पुत्रको बारेमा ........... ............ बाँडन चाहन्छन् ।
५. पावल हामीलाई स्मरण गराउँदछन् कि येशू .......... का ........... हुनुहुन्छ किनभने उहाँ मृत्युबाट पुनर्जीवित हुनुभयो ।
६. इसाइहरुले आफ्नो विश्वास अरुसँग ............ पर्दछ ।
७. यो ............. को नै सन्देश हो, जसले हाम्रो विश्वास बलियो तुल्याउँदछ ।
८. असल समाचारले ........... लाई उद्धार गर्दछ, जसले येशूलाई विश्वास गर्दछ ।
९. येशूले हाम्रो निम्ति जे गर्नुभयो, त्यसैकारणले हामी ......... द्वारा धर्मी ठहरिएका छौं ।
१०. तपाई येशूमा ............... द्वारा उद्धार गरिनु भएको छ ।

यि प्रश्नहरुको उत्तर पेज नं. १३७ मा पाउन सक्नुहुन्छ ।



*अध्याय दुई*

# हामी सबै पापी हौं

**रोमी १:१८ दे.खि ३:२० सम्म पढनुहोस्**

तपाईंले कसैलाई ढाँटनु भएको छ ? तपाईका छोराछोरीले तपाईलाई नटेरेका छन् ? तपाईले कसैको सम्पति चोर्नु भएको छ ? तपाईले यदि यी मध्ये केही गर्नु भएको छ भने तपाईलाई थाहा हुनु पर्दछ कि तपाईले केही गल्ती गर्नु भएको छ । परमेश्वरले यस्ता कर्महरुलाई दुष्टकर्म भन्नुहुन्छ । तिनीहरु पाप हुन् । तर अझ अरु पापहरु पनि छन् जसको बारेमा प्रेरित पावल हामीलाई शिक्षा दिन चाहन्छन् ।

यस अध्यायमा हामी सिक्न चाहन्छौ कि

* अन्य जातिहरु पनि पापी हुन,
* जो असल काममा निर्भर रहन्छ, तिनीहरु पनि पापी हुन्
* यहूदीहरु पनि पापी हुन्,
* अनि सबै मानिसहरु पापी छन् ।

रोमीको अध्याय एकको पद १८ मा प्रेरित लेख्दछन् “परमेश्वरको क्रोध ती मानिसकहरुका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरुको अधर्मले दबाइरहेका छन ।”

परमेश्वरले हामीलाई उहाँ हामीसित किन रिसाउनु हुन्छ भन्ने बारेमा बताउनु हुन्छ । मानिसहरुले आफ्नो जीवनमा कति धेरे दुष्टकर्महरु तथा पापहरु गर्दछन्, ती सब उहाँ देखाउनु हुन्छ ।

धेरै मानिसहरुले साँचो परमेश्वरलाई आराधना नगर्नु चाहिँ पहिलो पाप हो । जब हामी उहाँको सृष्टिको अवलोकन गर्दछौं, तब हामीसँग शक्तिशाली अनि असल परमेश्वर हुनुहुन्छ भनेर हामीलाई स्मरण गराइन्छ । हामी सूर्यास्तको सुन्दरता देख्दछौं, पर्वतहरुको भव्यता देख्दछौं, सबै प्राणीहरुको उत्पति देख्दछौं अनि हामी जान्दछौं कि हामी भन्दा धेरै महान अनि शक्तिशाली कोही हुनुहुन्छ जसले यी सबथोक निर्माण गर्नुभयो । तथापि मानिसहरु सूर्यको, जनावरहरुको अनि काठ र

ढुङ्गाका मूर्तिहरुको पूजा गर्दछन् तर जसले यी सब सृजना गर्नुभयो उहाँको चाहिँ आराधना गर्दैनन् । पावल लेख्दछन्, “तिनीहरुले परमेश्वरलाई चिनेका छन् । तर तिनीहरुले परमेश्वरको रुपमा उहाँलाई आराधना गरेनन् ।

अन्य पापहरुको बारेमा बोलिएको छ, जब, पावल लेख्दछन्, “तिनीहरुको कार्यले एका-अर्काका शरीरलाई प्रदुषित तुल्याएका छन् ।” जब स्त्रीहरुले अन्य स्त्रीहरुसँगै र पुरुषहरुले अरु पुरुषहरुसितै निर्लज्ज काम गर्दछन्, तब त्यस्ता कामलाई परमेश्वर निन्दा गर्नुहुन्छ, अनि ती कामहरु पाप हुन भनी उहाँ भन्नुहुन्छ । त्यस्ता कार्यहरु पापपूर्ण छन् ।

मानिसहरुले गर्ने अन्य पापहरु मध्ये हत्याको पाप, अर्काको सम्पति प्रतिको दुष्ट चाहना अनि मानिसहरुको बारेमा झूट बोल्नुलाई पापको सूचीमा समावेश गरिएको छ । तर हामीले गर्नै पर्ने काम नगरेको खण्डमा पनि हुने पापहरु छन् । पावल लेख्दछन्, “तिनीहरु स्नेही र दयालु हुँदैनन् ।” लूका सुसमाचारको अध्याय १० को पद २५ देखि ३७ सम्म लेखिएको एउटा असल सामरीको कथा पढ्नुहोस । यो कथाले एकजना लुटिएको र अधमरो पारी छोडिएको मानिसको बारेमा बताउँदछ, जो बाटोको एक किनारमा लडिरहेको थियो । एकजना



असल सामरीले चोटपटक लागेको मानिसलाई सहायता गऱ्यो ।

पूजाहारी र एउटा लेवी त्यही मानिस निर भएर हिँडे तर उसलाई सहायता गरेनन् । यी दुई जना मानिसहरु “प्रेम अनि दया नभएका” त्यस्ता मानिसहरुका उदाहरण हुन् । जे गुर्न पर्ने थियो त्यो तिनीहरुले गरेनन् अनि लुटिएको र अधमरो पारिएकोलाई सहायता गरेनन् । हामीसँग पनि त्यस्तै हुन जान्छ, जब हामीले गर्नु पर्ने काम गर्दैनौं । हामी पाप गर्दछौं ।

हामी यहूदी होइनौ । हामी अन्य जाति हौं । र पनि परमेश्वर हुनुहुन्छ भन्ने हामीलाई थाहा छ । सृष्टि अनि हाम्रो आफ्नै विवेकले परमेश्वर हुनुहुन्छ भन्ने अवगत गराउँदछ । तापनि, आफ्नो स्वभावको कारणले, हामी परमेश्वरले भने बमोजिम गर्न चाहँदैनौ । बदलामा, हामी ढाँट्छौं, हामी ठग्छौं, हामी झूटो ईश्वरको पूजा गर्दछौं, अनि हामी प्रेम र दया गर्दैनौं । हामी अरु मानिसहरुलाई पनि हामीले गरे जस्तो दुष्टकर्म गर्न उक्साउँदछौं ।

हामी जो यहूदी होइनौ, अन्य जाति हौं । त्यस्ता पाप कर्म गरेर परमेश्वरको दृष्टिमा धर्मी ठहरिने छैनौं । तसर्थ, “परमेश्वरको क्रोध स्वर्गबाट प्रकट भएको छ । यो मानिसहरुका सारा भक्तिहिनता र दुष्टताको विरुद्ध उभिएको छ ।” तपाई यी शब्दहरुमा आफूलाई चित्रित भएको देख्नुहुन्छ ? तपाईले देख्नु पर्दछ कि तपाई एक अन्य जातिले आफ्नो परमेश्वरको विरुद्धमा पाप गर्नु

भएको छ अनि तपाई परमेश्वरको कोधको मात्र लायक हुनुहुन्छ ।

१. परमेश्वरले हामीलाई उहाँ हामीसित किन ........... हुन्छ भन्ने बारेमा बताउनु हुन्छ ।
२. हामीले .................... परमेश्वरलाई आराधना नगर्नु चाहिँ पहिलो पाप हो ।
३. पावल लेख्दछन्, "तिनीहरुको कार्यले एकअर्काका ............. लाई प्रदुषित तुल्याएका छन् ।
४. हामीले गर्नै पर्ने काम नगरेको खण्डमा पनि हुने पापहरु छन् । पावल लेख्दछन् "तिनीहरु .............. अनि ........... हुँदैनन् ।
५. हामी ................. होइनौ । हामी ....................... हौं ।
६. तपाईले अपराध स्वीकार गर्नुपर्दछ अनि भन्नुपर्दछ "मैले परमेश्वरको विरुद्धमा ........... गरेको छु अनि परमेश्वरको .................. को मात्र लायक छु ।"

यी प्रश्नहरुका उत्तरहरु पृष्ठ ३३ मा पाउनु हुनेछ ।

परमेश्वरको विरुद्ध पाप गर्नेहरु प्रत्येकसँग उहाँ,परमेश्वर कसरी रिसाउनु हुन्छ भन्ने बारे पावलले लेखेको बिषयसँग धेरै मानिसहरु सहमत हुन्छन् । तथापि, परमेश्वरले चाहे अनुसार काम गर्नाले तिनीहरुले, परमेश्वरसँग धार्मिकता प्राप्त गर्नेछन् भनी यी मानिसहरु सोच्दछन् । यस्ता मानिसले आफूलाई अरु भन्दा असल छु भनेर सोच्दछन् । दोस्रो अध्यायमा प्रेरित पावल त्यस्ता मानिस, जसले आफूलाई अरु भन्दा असल र परमेश्वरको अघि उचित छु भनेर सोच्दछ त्यसले सतर्क हुनुपर्दछ भनी खबरदारी गर्दछन् । अरु भन्दा आफु असल छ भनी जसले आफै न्याय गर्दछन । तिनीहरुको घमण्डको कारणले गर्दा त्यसता मानिसले पाप गर्दछन । त्यस्ता मानिस, जसले आफैलाई अरु भन्दा असल ठान्दछ, आफूले गरेको पापको पश्चात्ताप समेत उसले गर्दैन । तसर्थ, त्यस्ता मानिस पनि परमेश्वरको नजरमा दोषी हुन्छन् र उहाँको रीसको लायक छन् । प्रेरित पावलद्वारा परमेश्वर यस सम्बन्धमा भन्नुहुन्छ “तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो कठोर र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारि रहेछौं ।”

हाम्रो लागि ख्याल राख्नु पर्ने एउटा महत्वपूर्ण बिषय चाहिँ के हो भने असल कार्यले हाम्रो उद्धार हुने छैन । जसले जान्दछ अनि परमेश्वरमाथि विश्वास राख्दछ, उसले असल काम गर्न चाहन्छ, तर मुक्ति प्राप्त गर्नको

निम्ति होइन । हामी अनुग्रह, परमेश्वरबाट सित्तैमा प्राप्त हुने कृपा अनि प्रेमबाट मात्र उद्धार गरिएका छौं । एउटा विश्वासीले परमेश्वरको कृपालाई धन्यवाद दिन असल काम गर्दछ । त्यस्ता व्यक्तिले ऊ आफु पापी पनि हो भन्ने जान्दछ ।

७. धेरै मानिसहरु स्वीकार गर्दछन् कि उहाँको विरुद्ध पाप गर्नेहरु प्रत्येकसँग परमेश्वर .......... हुनुहुन्छ ।
८. यी मानिसहरु सोच्दछन् कि परमेश्वरले चाहे अनुसार काम गर्नाले तिनीहरुले ........... प्राप्त गर्नेछन् ।
९. प्रेरित पावल मार्फत परमेश्वर भन्नुहुन्छ, "तिम्रो हृदयमा पापको निम्ति तिमी .................... छैनौ ।"
१०. हाम्रो लागि ख्याल राख्नु पर्ने एउटा महत्वपूर्ण कुरो के हो भने ............. ............. ले हाम्रो उद्धार हुनेछैन ।
११. हामी परमेश्वरको ................ द्वारा मात्र उद्धार गरिएका छौं ।

यि प्रश्नहहरुको उत्तर ३३ पेजमा पाउन सक्नुहुनेछ ।

पद १७ को शुरुमा पावल अब हामीलाई सिकाउँछन् कि स्वर्गमा हुनुभएका परमेश्वरको सामुन्ने यहूदीहरु पनि पापी नै हुन् ।

यस्तो देखिन्छ कि यहुदीहरुले अन्य जातिहरु भन्दा बढी सुविधा पाएका थिए । परमेश्वरबाट दिइएको व्यवस्था, दश आज्ञाहरु प्राप्त गर्ने पहिलो जाति यहूदीहरु थिए । पुरानो करारको समयमा जब मोशा मिश्र देशमा रहेका परमेश्वरद्वारा चुनिएका मानिसहरुलाई दासत्वबाट निकालेर प्रतिज्ञा गरिएको स्थानतर्फ लग्दै थिए, परमेश्वर सीनै पर्वतको टाकुरामा देखा पर्नु भयो अनि मोशालाई ढुङ्गाको दुई वटा पाटीमा उहाँले दश आज्ञा प्रदान गर्नुभयो । यहूदीहरुले दश आज्ञालाई प्रेमपूर्वक स्वीकार गरे । तर परमेश्वरले भन्नु भए जस्तै पूर्ण रुपले तिनीहरुले दश आज्ञाहरु पालन गर्न सकेनन् ।

यहूदीहरुको बारेमा पावलले हामीलाई भन्दछन् "जब तिमी चोरीको विरुद्धमा प्रचार गर्छौं, के तिमी आफै चाहिँ चोरी गर्छौ ? तिमी, जसले व्यभिचार नगर भनी भन्छौ, के तिमी आफै व्यभिचार गर्छौ ? तिमी, जो मूर्तिहरु घिनाउँछौ, के तिमी आफै मन्दिरहरु लुट्छौं ? तिमी, जो व्यवस्थामा घमण्ड गर्छौ, के व्यवस्था उल्लंघन गरेर परमेश्वरको अनादर गर्छौ ? लिखित रुपमा परमेश्वरको व्यवस्था, दश आज्ञा प्राप्त गर्ने यहूदीहरु नै पहिलो जाति भएता पनि तिनीहरुले व्यवस्था पालन गर्न र राख्न सकेनन् ।



मोशाले यूदीहरुको पापको सामु आज्ञाहरुलाई टुका टुका पारिदिए ।

तिनीहरुले परमेश्वरको विरुद्धमा पाप गरे, तसर्थ तिनीहरु परमेश्वरको क्रोधको लायक छन् ।

यहूदीहरुको अर्को उपलब्धि भनेको खतनाको क्रिया हो । परमेश्वरको आज्ञा अनुसार प्रत्येक यहूदी पुरुष जन्मेको आठौं दिनमा उसको खतनाको कर्म गरिनु पर्दथ्यो । यो यहूदी प्रति गरिएको प्रतिज्ञा थियो, जस अनुसार परमेश्वर उनीहरुको ,आफ्नो हुनुहुन्थ्यो अनि यहूदीहरु उहाँका आफ्ना, मानिसहरु हुन्थे । यहूदीहरुले उहाँको व्यवस्था पालन गर्नु पर्दथ्यो । तर जब उसले परमेश्वरको आज्ञा उल्लंघन गर्दथ्यो, उसले परमेश्वरको, आफ्नो मानिस हुने प्रतिज्ञा पनि तोड्दथ्यो ।

खतना गरिएका हुन वा बेखतना हुन्, तर येशूमाथि विश्वास गरेको कारणले, जसले परमेश्वरको व्यवस्था पालन गर्दछन् तिनीहरु नै परमेश्वरका साँचो सन्तान हुन् । यस सम्बन्धमा पावल लेख्दछन् “तब शरीरमा खतना नभएर पनि व्यवस्था चाहिँ पालन गर्नेहरुले, लिखित व्यवस्था भएका र खतना पनि भएका तिमीहरु व्यवस्था उल्लंघन गर्नेहरुलाई दोषी ठहराउँछन् ।”

परमेश्वरको व्यवस्था उनीहरुसँग छ अनि खतना पनि भएका छन् भनेर यहूदीहरुले घमण्ड गर्न सक्ने छैनन् किनकि संसारमा जन्मिएका प्रत्येक मानिस झै तिनीहरु पनि पापी हुन् ।

१२. परमेश्वरको व्यवस्था, परमेश्वरद्वारा दिइएको ............ .................. प्राप्त गर्ने पहिलो जाति यहूदीहरु थिए ।

१३. यहूदीहरुले परमेश्वरको विरुद्धमा .............. गरे, तसर्थ तिनीहरु परमेश्वरको ............... को योग्य छन् ।

१४. यहूदीहरुको अर्को उपलब्धि भनेको .................. को क्रिया हो ।

१५. यहूदीहरु पनि संसारमा जन्मिएका प्रत्येक मानिस झैं......... थिए ।

यी प्रश्नहरुको उत्तर ३३ पेजमा पाउन सक्नुहुनेछ

हामीहरु यहूदी हौं, वा व्यवस्था पालन गर्नाले मुक्ति पाइन्छ भनेर सोच्ने मानिसहरु हुन्, वा अन्य जाति हौं, परमेश्वरको सामुन्ने हामी सबै नै पापी हौं । प्रेरितले हामीलाई अध्याय ३ को पद १० देखि १८ सम्म स्मरण गराउँदछन् कि सबै मानिसहरु पापी हुन् अनि पुरानो करारको उल्लेखित अंशले समेत हरेक मानिस पापी हो भन्दछ ।

पावलले लेखेको कुरा तपाई पढन सक्नुहुन्छ, "धर्मी कोही छैन, एकजना पनि छैन .............. परमेश्वरलाई खोज्ने कोही छैन .................. ती सबै बरालिएका छन् ............. तिनीहरुको आँखाको सामुन्ने परमेश्वरको भय छैन ।

हाम्रो जीवनमा व्यवस्थाको निश्चित उद्देश्य छ । सर्वप्रथम, यसले सबैलाई देखाईदिन्छ कि हामी प्रत्येक दिन असल हुन खोज्दछौं तर पनि परमेश्वरको सामुन्ने हामी पापी नै हौं । जब हामी व्यवस्था अध्ययन गर्दछौं, तब परमेश्वर भन्दा अरु चिजलाई बढ्ता प्रेम गर्नु हुँदैन भन्ने कुरा सिक्दछौं । त्यस्तै, हामीले चोरी गर्नु हुँदैन, हाम्रा साथी-भाइ अनि छर-छिमेकीको निन्दा गर्नु हुँदैन, अरुको सम्पतीको लालसा गर्नु हुँदैन आदि पाप गर्नबाट हामीलाई व्यवस्थाले रोक्दछ । साथै, व्यवस्थाले हामीलाई दैनिक जीवनको उचित मार्ग देखाउँदछ, तसर्थ हामी असल कार्य गर्दछौं, न कि परमेश्वरको निगाह पाउनको लागि । परमेश्वरमा हाम्रो प्रेमको कारणले अनि हाम्रो लागि उहाँले जे गर्नुभयो, त्यसको लागि हामी असल काम गर्दछौं ।

पावल हामीलाई स्मरण गराउँदछन् कि "यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिने छैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।" किनकि, हामी सबै पापी हौं, त्यसैले हामी निजि प्रार्थनामा परमेश्वरको सामुन्ने

आउनु पर्दछ अनि सार्वजनिक प्रार्थनामा आफ्ना पाप स्वीकार गर्नुपर्दछ र उहाँको कृपाको निम्ति निवेदन गर्नु पर्दछ । तपाईंलाई फरिसी र कर उठाउने व्यक्तिको बारे दृष्टान्तमा येशूले दिनु भएको शिक्षाको सम्झना छ ? फरिसी उभिएर उसले आफू अरु भन्दा धेरै असल छु



कर उठाउने र फरिसीको प्रार्थना

भन्ने बखान गर्दै प्रार्थना गऱ्यो । अर्को तर्फ, कर उठाउने व्यक्तिले स्वर्गतिर आँखा पनि नउठाइकन विनम्रतापूवर्क पुकारा गऱ्यो, “हे परमेश्वर, म पापीमाथि दया गर्नुहोस्,” (लूका १८:१३) ।

हामीले अहिलेसम्म सिकेको सर्न्दभमा हामीले आफ्नो पापको पश्चात्ताप गर्नुपर्दछ अनि उहाँको कृपाको निम्ति परमेश्वरतिर फर्कनु पर्दछ ।

## दोस्रो अध्यायको पुनरावलोकन

रोमीहरुलाई लेखेको प्रेरित पावलको पत्रको यो खण्डले हामीलाई बताउँछ कि यस संसारमा जन्मेका सबै मानिसहरु परमेश्वरको सामुन्ने पापी हुन् अनि परमेश्वरको क्रोधको  योग्य छन् । सबै पापी छन् भनेर देखाउनको निम्ति पावलले तीन प्रकारका मानिसहरुको उदाहरण प्रयोग गरेका छन् ।

सर्वप्रथम, उनले अन्य जातिहरुले पाप गर्दछन् भनेर बताएका छन् । धेरै मानिसहरुले साँचो परमेश्वरको आराधना गर्दैनन् । तिनीहरुले सबै सृष्टिमा सर्वशक्तिमान परमेश्वरको शक्ति देख्न सकेनन् । तिनीहरुले सृष्टि गरिएका, जस्तै सूर्य, जनावरहरु, काठ र ढुङ्गाका मूर्तिहरुको पूजा गरे । यी सबै सृष्टि गर्ने एकमात्र

सर्वशक्तिमान परमेश्व्रलाई महिमा दिएनन् न त उहाँको आराधना नै गरे ।

प्रेरितले चर्चा गरेका दोस्रो थरीका मानिसहरु ती हुन् जसले परमेश्वर उहाँको विरुद्धमा पाप गर्नेहरुसँग क्रोधित हुनुहुन्छ भन्ने स्वीकार गर्दछन् । तिनीहरु असल काम गर्ने कोशिष गर्दछन् अनि अरु मानिसहरु भन्दा आफू असल छु भन्ने गर्दछन् । तर तिनीहरुले घमण्डको पाप प्रदर्शन गर्दछन् र परमेश्वर तिनीहरुसँग क्रोधित हुनुहुन्छ भन्ने देख्न सक्दैनन्, अनि तिनीहरुले पनि पाप गर्दछन् । आफ्ना पापको निम्ति तिनीहरु पश्चात्ताप गर्दैनन् ।

तेस्रो थरीका मानिसहरु यहूदी हुन् । यी मानिसहरुले अन्य जातिकाले भन्दा बढी उपलब्धि पाएका थिए भन्ने देखिन्छ । ती नै पहिलो जाति थिए, जसले परमेश्वरको लिखित व्यवस्था “दश आज्ञा” प्राप्त गरेका थिए । ती नै त्यस्ता मानिसहरु हुन् जसले परमेश्वरबाट उनीहरुको आफ्नो परमेश्वर हुने वचन प्राप्त गरेका थिए अनि खतनाको क्रियाद्वारा उनीहरु परमेश्वरका आफ्ना मानिसहरु हुनेछन् । तर यहूदीहरुले पनि परमेश्वरको आज्ञा कायम राख्न सकेनन् अनि पाप गरे ।

तसर्थ, परमेश्वरको सामुन्नेमा सबै मानिसहरु पापी छन् र परमेश्वरको क्रोधको योग्य छन्, जस्तो कि पुरानो करारकाले पनि भन्दछ, उनीहरुकै शब्दमा "धर्मी कोही छैन, एक जना पनि छैन ।"

**अध्याय दुईका प्रश्नका उत्तरहरु**

१. रिसाउनु; २ साँचो; ३ शरीर; ४ प्रेमी, दयालु; ५. यहूदी, अन्यजाति; ६. पाप, क्रोध; ७. रिसाउनु; ८. धार्मिकता; ९. पश्चात्ताप; १० असल काम; ११ अनुग्रह; १२ दश आज्ञा; १३ पाप, क्रोध; १४ खतना; १५ पापी ।

# अध्याय दुईको परीक्षा

१. परमेश्वरले हामीलाई उहाँ हामीसित किन .................. हुन्छ भन्ने बारे बताउनु हुन्छ ।
२. "मैले परमेश्वरको विरुद्धमा .................. गरेको हुँ र परमेश्वरको ........... को योग्य मात्र छु" भन्ने हामीले अपराध स्वीकार गर्नुपर्दछ ।
३. धेरै मानिसहरु सोच्दछन् कि परमेश्वरले चाहे अनुसार काम गर्नाले तिनीहरुले ............... प्राप्त गर्नेछन् ।
४. ख्याल राख्नु पर्ने महत्वपूर्ण कुरा के हो भने ............ .................. ले हामीलाई उद्धार गर्नेछैन ।
५ परमेश्वरको .................. द्वारा मात्र हाम्रो उद्धार गरिएका छौं ।
६. लिखित व्यवस्था, ............. .............. परमेश्वरबाट प्राप्त गर्ने पहिलो जाति यहूदीहरु थिए ।
७. यहूदीहरुको निम्ति अर्को उपलब्धि भनेको .................. को क्रिया हो ।
८. संसारमा जन्मिएका प्रत्येक मानिस झै यहूदीहरु पनि .............. हुन् ।

यि प्रश्नहरुको उत्तर पेज नं. १३७ मा पाउन सक्नुहुन्छ ।



*अध्याय तीन*

# हामी धर्मी ठहरिएका (क्षमा गरिएका) छौँ ।

## रोमी ३:२१ देखि रोमी ८:३९ पढ्नुहोस् ।

पावलले रोमीहरुलाई लेखेको शुरुका अध्यायहरुमा हामीले परमेश्वरको वचन अध्ययन गऱ्यौ र हामी आफूलाई स्वयं उद्धार गर्न सक्दैनौ किनभने हामी पापी हौँ अनि हामी परमेश्वरको क्रोधको योग्य मात्र छौं भन्ने कुरा जान्यौँ ।

तर अब हामी पावलको पत्रको त्यो खण्डमा आई पुग्छौं, जसले हामीमा खुशीको खबर ल्याउने छ । हामी सिक्छौँ कि हामी धर्मी ठहरिएका छौँ, अर्थात, परमेश्वरद्धारा क्षमा गरिएका छौँ । धार्मिकताको सिद्धान्त बाइबलको सबैभन्दा महत्वपूर्ण शिक्षा हो । यो हाम्रो लागि  खुशीको खबर हो ।

धार्मिकता परमेश्वरको त्यस्तो कार्य हो, जसद्धारा परमेश्वरले पापीलाई येशूद्वारा धर्मी भनेर घोषित गर्नुहुन्छ भन्ने नै धार्मिकता शब्दको उपयुक्त परिभाषा हो । धार्मिकताको यो परिभाषाले हामीलाई न्यायालयको सम्भना गराउँछ । परमेश्वर न्यायकर्ता हुनुहुन्छ र हामी ती मानिस हौं जसले परमेश्वरको व्यवस्था भङ्ग गरेको छ । परमेश्वर न्यायकर्ताले हामीलाई भन्नै पर्नेहुन्छ, "तिमी दोषी छौ । तिमीलाई अनन्तकालसम्म नर्कमा रहनको निम्ति दण्डाज्ञा सुनाइने छ ।" तर, यत्तिकैमा येशू अगाडि बढेर परमेश्वर न्यायकर्ता समक्ष अनुरोध गर्नुहुन्छ, "यी मानिसहरुका  सजाय मैले भोगेको छु ।" फलस्वरुपः परमेश्वरले हामीलाई मुक्त गर्नुहुन्छ ताकि अनन्तकालसम्म नर्कमा रहनुको सट्टामा स्वर्गमा अनन्त जीवन जिउने प्रतिज्ञा हामीसँग छ । यसले हाम्रो जीवनमा के अर्थ राख्छ भन्ने बारे हामीलाई निम्न कुराहरु सिकाइएपछि हामी जान्नेछौं :


* येशूद्धारा हामीलाई धर्मी ठहऱ्याइएको छ तथा क्षमा गरिएको छ ।
* विश्वासद्धारा हामीलाई धर्मी ठहऱ्याइएको छ, अनि
* यसले हामीलाई के बुझाउँछ भनेः
  क) हामीले धेरै आत्मिक वरदान प्राप्त गर्दछौं, अनि
  ख) हामी सिक्दछौं कि यी वरदानहरु प्रदान गर्ने पवित्र आत्मा नै हुनुहुन्छ ।

रोमीको अध्याय ३ का पदहरु २१ र २२ मा प्रेरित हामीलाई कसरी धर्मी ठहऱ्याइएको  छ अथवा हाम्रा पापहरु क्षमा गरिएका छन् भन्ने बारे स्पष्ट भन्दछन्, जसो उनी लेख्दछन्, “तर अब त व्यवस्था विनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ । त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरुले दिएका छन् । येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्धारा प्रकट भएको छ । किनभने केही भेद  छैन ।”

पावलका यी शब्दहरुले हामी पापीहरुको लागि सान्त्वना प्रदान गर्दछ । हामी पाप गर्दछौ भन्ने हामीलाई थाहा छ । रोमी ३:२३ ले हामीलाई स्मरण गराउँदछ,” किनकि सबैले पाप गरेका छन्,  र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन ।” हामीलाई थाहा छ परमेश्वर हामीसँग रिसाउनु हुन्छ किनकि हामी पाप गर्दछौ । तर अब हामीले सिक्यौ कि हाम्रा पापहरु क्षमा गरिएका छन् । हामी परमेश्वरको यो प्रेम र कृपाको निम्ति योग्य छैनौं । हामीलाई कसरी क्षमा गरिएको छ भन्ने ज्ञान मात्र पावलले दिदैंनन्, तर उनी हामीलाई सम्झाउँदछन् कि व्यवस्था र पुरानो करारका अगमवक्ताहरु लगायत सम्पूर्ण बाइबलले व्यवस्था पालन गर्नाले हामीले मुक्ति पाउने होइन, बरु येशू ख्रीष्टमाथि विश्वास गर्नाले हामीलाई क्षमा गरिएको हो भन्ने सिकाउँछन्  ।

सर्वप्रथम, प्रेरित हामीलाई सम्झाउँछन् कि परमेश्वरको अनुग्रहको वरदानले मात्र हामी धर्मी ठहरिएका हौँ (रोमी ३:२४) । परमेश्वरको अुनग्रह उहाँको हामीमाथिको प्रेम हो जसको लायक हामी छैनौँ । हामी पापी हौ, हामी आफ्नो उद्धार आफै गर्न सक्दैनौँ । तर परमेश्वर, उहाँको प्रेम र कृपाले गर्दा येशू ख्रीष्टद्धारा हामीलाई मुक्ति दिनु हुन्छ ।

यूहन्ना ३:१६ ले हामीलाई परमेश्वरले कसरी उद्धार गर्नुहुन्छ भन्ने बारे बताउँदछ, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो, ताकि उहाँ माथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।" हामीलाई बचाउनको निम्ति परमेश्वरले उहाँको आफ्नो एकमात्र पुत्र यस संसारमा पठाउनु भयो । परमेश्वर पुत्र हुनुभएको कारणले येशू सम्पन्न हुनुहुन्थ्यो, तर उहाँ हाम्रो लागि गरीब बन्नुभयो । उहाँ गोठमा जन्मनु भएको थियो र उहाँलाई लुगाले बेह्रेर डुँडमा राखियो ( लूका २:१-२० पढ्नु होस् ) । पुरानो करारका अगमवक्ता यशैयाले येशू जन्मनु भन्दा ७५० वर्ष पूर्व एकजना मुक्तिदाताको जन्म हुनेछ भनी भविष्यवाणी गरेका थिए (यशैया ९:६ र ७ पढ्नुहोस्) ।




येशू जन्मभयो ।

येशूले पवित्र जीवन जिउनु भयो। बाइबलले हामीलाई बताउँछ कि उहाँ पाप मुक्त हुनुहुन्थ्यो । हिब्रू ४:१५ बाट हामी जान्दछौं कि, "हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्वलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न । तर हामी जस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुभयो ।" येशू व्यवस्थाको अधीनमा जन्मनु भयो, तसर्थ व्यवस्थाको अधीनमा रहनेहरुलाई मोल तिरेर छुटाउनलाई पठाइनुभयो। (गलाती ४:४ र ५ पढ्नुहोस्) ।

येशूले हाम्रो निम्ति व्यवस्था पालन गरेर पवित्र जीवन मात्र जिउनु भएन, तर जब उहाँले हाम्रा पापको निम्ति दण्ड भोग्नुभयो, उहाँले हाम्रो सट्टामा क्रूसमा प्राण त्याग्नुभयो । येशूले गर्नुभएका यि कुराहरु पुरानो नियमका भविष्यवक्ताहरु द्वारा सिकाइएका छन । - यशैयाले हाम्रो लागि येशूले भोग्ने दण्डको बारेमा बताउँदछन । - यशैया ५३:४–८ पढ्नुहोस ) । येशू क्रूसमा मर्नुभएको तेस्रो दिनमा मृत्युबाट बौरी उठ्नुभयो । पावल रोमी ४:२५ मा लेख्दछन्, "उहाँ हाम्रा अपराधहरुका निम्ति मारिनु भयो, र हामीलाई धर्मी तुल्याउनलाई जीवित पारिनुभयो ।"

येशूले हाम्रो निम्ति जे-जति गर्नुभयो, त्यसको निम्ति परमेश्वर सन्तुष्ट हुनुहुन्छ, यद्धपि हामी यहूदी हौ वा अन्य जाति । हामी सबै येशू ख्रीष्टद्धारा मात्र उद्धार गरिएका छौ । येशूले आफ्ना चेलाहरुलाई यूहन्नाको १४ अध्यायको पद ६ मा भन्नुभएको छ, "बाटो, सत्य र



एउटा स्वर्गदुतले स्त्रीहरुलाई येशू जिवीत हुनुभएको छ भने ।

जीवन म नै हुँ । मद्धारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।" परमेश्वरले येशू ख्रीष्टद्धारा हामी सबैलाई धर्मी ठहऱ्याउनु भएको छ ।

१. हामी जान्दछौँ कि परमेश्वर हामीसँग ................ हुन्छ । किनभने हामी ............ गर्दछौँ ।

२. व्यवस्था पालन गरेको कारणले हामीलाई क्षमा दिइएको होइन, तर येशू ख्रीष्टमाथि ................ गर्नाले हो ।

३. परमेश्वरको अनुग्रह हाम्रो निम्ति उहाँको ............ हो, जसको ............ हामी छैनौँ ।

४. यद्दपि परमेश्वरको पुत्र हुनुभएको कारणले येशू ......... हुनुहुन्थ्यो, यद्दपि उहाँ हाम्रो निम्ति ................ हुनुभयो ।

५. बाइबलले हामीलाई बताउँदछ कि येशू ............... रहित हुनुहुन्थ्यो ।

६. जब येशूले हाम्रो स्थान लिनुभयो अनि .................. मा मारिनु भयो, तब येशूले हाम्रो पापको सजाय पाउनुभयो ।

७. "हामीलाई ................... तुल्याउनलाई येशू ........ पारिनु भयो ।"

८. येशूले हाम्रा निम्ति जे जति गर्नुभयो, त्यसको निम्ति परमेश्वर ............. हुनुहुन्छ ।

९. हामी सबै येशू ख्रीष्टद्वारा, ............. मात्र उद्धार गरिएका छौं । परमेश्वरले हामी सबैलाई येशू ख्रीष्टद्वारा .......... ठहऱ्याउनु भएको छ ।

यि प्रश्नहरुको उत्तर पेज नं. ६७ मा पाउनुहुनेछ ।


प्रेरित पावल अब हामीलाई सिकाउँछन् कि हाम्रा सम्पुर्ण पापहरुको क्षमाको अचम्मको आशिष येशू ख्रीष्टमा बिश्वास द्वारा हामीमा आउँछ । रोमी ३ अध्ययाको २७ र २८ ले हामीलाई अत्यधिक स्पष्टसँग हामीलाई देखाउँदछ, "तब हाम्रो घमण्ड कहाँ गयो ? त्यसको त ठाउँ नै छैन । कुन सिद्धान्तमा यसो गर्ने त? यो कर्मको सिद्धान्तद्धारा हुने? कदापि होइन । यो त विश्वासका सिद्धान्तबाट मात्र हुनसक्छ । यसकारण व्यवस्थाका कर्महरुको पालन विना विश्वासद्धारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी ठान्छौं ।"

के परमेश्वरका आज्ञाहरु पालन गर्नाले उद्धार पाईन्छ अनि धर्मी ठहरिइनेछ भन्ने बिचार राख्ने मानिसहरु पनि छन् ? अँ छन् ! केही मानिसहरु भन्ने गर्दछन् कि परमेश्वरले उनीहरुसँग गर्व गर्नुपर्छ अनि उनीहरुले जे गरेका छन्, त्यसकारण तिनीहरुलाई इनाम दिइनु पर्दछ किनकि तिनीहरु चोरी गर्दैनन्, छल-कपट तथा ठगी गर्दैनन् अनि खराब कुरा गर्दैनन । केही मानिसहरु भन्दछन् कि तिनीहरु अरु भन्दा असल छन् अनि

तिनीहरु आफ्नो असल जीवन बारे घमण्ड गर्दछन् । तर त्यस्ता विचार र कर्मले हाम्रो उद्धार हुदैन, जसरी पावलले स्पष्ट उल्लेख गरेका छन् । येशू ख्रीष्टमा विश्वासद्धारा मात्र हाम्रो उद्धार हुन्छ ।

जब येशू क्रूसमा मारिनु भयो त्यसबेला उहाँले जोरले कराएर भन्नुभयो, "अब सिद्धियो ।" यो चित्कारसँगै उहाँले पहिलो अनि अन्तिम पल्ट संसारका सबै मानिसहरुका पापको सजाय भोग्नुभयो । त्यसले तपाईलाई पनि समावेश गर्दछ । तर तपाईले त्यो क्षमालाई ग्रहण गर्नु पर्दछ ।

क्षमा ग्रहण गर्नु भनेको कसैले गाउँ वा शहरमा प्रत्येक मानिसलाई ठूलो धन पैसा दान गर्नु जस्तै हो । तपाईले त्यो पैसा लिएर उपयोग नगरुन्जेलसम्म तपाईलाई त्यसले केही फाइदा गर्दैन । परमेश्वरले प्रदान गर्ने क्षमा पनि त्यस्तै हो, जुन उहाँले सबै मानिसहरुलाई दिनुहुन्छ । तपाईले विश्वासद्धारा यसलाई जब सम्म ग्रहण गर्नु हुन्न तब सम्म यो तपाईको हुदैन । अनि तपाईको विश्वास पनि परमेश्वरको उपहार हो । उहाँ परमेश्वर नै पवित्र आत्मा हुनुहुन्छ, जसले तपाईलाई विश्वासमा ल्याउन अनि येशू ख्रीष्टमाथि विश्वास स्थापित गर्नको लागि अनुग्रहको माध्यम, सुसमाचारको रुपमा परमेश्वरको वचन अनि बप्तिस्माको पवित्र बिधि र प्रभुभोजको प्रयोग गर्नुहुन्छ । हाम्रो सम्पुर्ण उद्धार परमेश्वरको उपहार हो, न कि हामी आफैद्धारा आर्जन गरिने कुरा हो ।



येशू हाम्रो लागि क्रूसमा मर्नुभयो ।

इसाईहरुले परमेश्वरको क्षमारुपी उपहारलाई अनि स्वर्गको अनन्त जीवनलाई येशू ख्रीष्ट उसको मुक्तिदाता हुनुहुन्छ भन्ने विश्वास गरेर विश्वासद्धारा सित्तैमा प्राप्त उपहारको रुपमा ग्रहण गर्दछ ।

यी दुई सत्यताहरु परमेश्वरको वचनमा अटल भएर उभिन्छन्:

> **पहिलो**- परमेश्वरको व्यवस्था पूर्णरुपले पालन गरेर येशूले हाम्रो निम्ति जे गर्नु भएको छ र साथै हाम्रो दण्ड-सजायको जिम्मा आफै लिनु भएको कारणले मात्र हामी धर्मी ठहरिएको छौँ, क्षमा गरिएका छौँ अनि उद्धार गरिएका छौँ ।
>
> **दोस्रो**- हाम्रो आफ्नो असल कामहरुले होइन तर परमेश्वरको उपहार स्वरुप येशू माथिको विश्वासद्धारा मात्र हामी धर्मी ठहरिएका छौं, क्षमा गरिएका छौं अनि उद्धार गरिएका छौं ।

यसको अर्थ हामीले परमेश्वरको आज्ञा पालन गर्नु पर्दैन भन्ने हो त ? होइन, हामीलाई परमेश्वरले जे गर्नु भएको छ त्यस प्रति प्रेम देखाउनको लागि हामी हाम्रो जीवनमा परमेश्वरको इच्छा पुरा हुनका लागि अनि परमेश्वरको आज्ञा पालन गर्नको लागि हामी परमेश्वरको इच्छा अनुसा रहाम्रो जीवनमा गर्न चाहान्छौ र हामीले सकेजति उत्तम प्रकारले उहाँको आज्ञा पालन गर्न चाहान्छौ । हामीले अति उत्तम काम गरे तापनि

यसले हाम्रो उद्धार गर्न सक्दैन । हामीले येशू ख्रीष्टमा हाम्रो विश्वास राख्नु पर्दछ अनि परमेश्वरसँग हामीलाई उहाँको इच्छा अनुसार जिउन सहायता गर्नको निम्ति प्रार्थना गर्नुपर्दछ ।

१०. पावल लेख्छन् "....................द्वारा नै मानिस धर्मी ठहरिन्छ भनी हामी निश्चय छौं ।

११. पावलले "तिनीहरुले व्यवस्थाको पालन गर्नाले ........... ............ ............." भनेर पनि लेखेका छन् ।

१२. तपाईंको विश्वास पनि परेश्वरको ........... हो ।

१३. परमेश्वरको वचनमा अटल भएर उभिएका दुई सत्यताहरु उल्लेख गर्नुहोस् :

पहिलो

....................................................................

....................................................................

....................................................................

दोस्रो

....................................................................

....................................................................

....................................................................

यि प्रश्नहरुको उत्तर पेज नं. ६७ मा पाउनुहुनेछ ।



अब्राहाम तारा गन्दछन् ।

हामीले जान्यौ कि येशू ख्रीष्टमा विश्वासले गर्दा हामी धर्मी ठहरिएका छौं, क्षमा गरिएका छौं अनि हामीमा परमेश्वरको धार्मिकता प्रकट भएको छ । तर येशूको जन्मभन्दा पहिले पुरानो करारको समयमा बस्ने मानिसहरुको बारेमा चाहिँ के हुन्थ्यो ? तिनीहरु कसरी धर्मी ठहरिन्थे ? अध्याय ४ मा प्रेरित पावलले अब्राहम र राजा दाऊदको चर्चा गरेका छन्, जो पुरानो करार समयमा बस्दथे ।

अध्याय चारको पहिलो पदमा पावल प्रश्न गर्दछन्–"के अब्राहाम कामद्वारा धर्मी ठहरिएका थिए ?" पावल भन्दछन्– "बचनमा हामी के पाउँछौ ?" पुरानो करारको उत्पत्तिको पुस्तकको १२ अध्यायबाट अब्राहामको जीवन बारे चर्चा सुरु भएको छ । उनी येशू जन्मनु भन्दा २000 वर्ष पहिलेका थिए । रोमी ४:११ मा उनलाई "सबै विश्वासीहरुका पिता" भनिएको छ । बाइबलले हामीलाई बताउँछ, "तिनले परमप्रभुमाथि विश्वास गरे, र, यो तिनको निम्ति धार्मिकता मानियो" ( उत्पत्ति १५:६) । असल कार्यहरुले अब्राहामलाई उद्धार गरेन तर विश्वास द्वारा उद्धार पाए । परमेश्वरले मुक्तिदाता पठाइदिनु हुन्छ भन्ने परमेश्वरको प्रतिज्ञामाथि विश्वास गरे । रोमी ४:१६ मा पावल लेख्छन् "प्रतिज्ञा परमेश्वरको अनुग्रह माथि भर पर्दछ । प्रतिज्ञा विश्वासबाट आउँदछ ।"

अर्को शब्दमा, अब्राहामले विश्वास गरे कि परमेश्वरले यस संसारमा एकजना मुक्तिदाता पठाइदिनुहुनेछ । नयाँ करारका इसाईहरुहरुले मुक्तिदाता येशू ख्रीष्ट, जो आउनु भएको छ, माथि विश्वास गरे जस्तै अब्राहामले मुक्तिदाता आउनुहुनेछ भन्ने विश्वास गरे । राजा दाऊदको बारेमा पनि यस्तै कुरा भएको थियो, जसले पुरानो करारको समयमा यहूदीहरुमाथि शासन गरे, उनी येशू जन्मनु भन्दा १००० वर्ष पहिलेका थिए । अध्याय चारको पद ६ देखि ८ सम्म पावलले भजनसंग्रह ३२:१ र २ उद्धृत गरेका छन् जसमा राजा दाऊदले जसका अपराध क्षमा भएको छ, त्यो धन्य हो भनेर उल्लेख गरेका छन् । यस्ता मानिसहरु धन्य हुन् किनभने परमेश्वरको अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैमा धर्मी ठहरिएका छन् ।" तिनीहरु असल कर्मको कारणले उद्धार गरिएका थिएनन् तर उत्पत्ति ३ :१५ मा परमेश्वरले आदम र हव्वालाई प्रतिज्ञा गर्नुभएको मुक्तिदातामाथि विश्वास गर्नाले उद्धार गरिएका थिए ।

१४. अब्राहाम असल ............ गर्नाले होइन तर ............ द्वारा उद्धार गरिएका थिए ।

१५. परमेश्वरले एकजना ........ ........ पठाउनु हुनेछ भनेर अब्राहामले विश्वास गरे ।

१६. आउनु ............ मुक्तिदातामाथि अब्राहामले विश्वास गरे ।

यि प्रश्नहरुको उत्तर पेज नं. ६७ मा पाउनुहुनेछ ।

अब हामी पावलले समग्रमा लेखेको अर्थ के हो भन्ने बारे सिक्दछौं । येशू, हामा मुक्तिदातामाथिको विश्वासले गर्दा जसरी हामी धर्मी ठहरियौं तथा क्षमा गरियौं, त्यसरी नै हामी विश्वासीहरुलाई धेरै आशिषहरु प्राप्त हुन्छन् । हामी यी आशिषहरु अध्याय ५, ६ र ७ मा सिक्नेछौं ।

पावलले अभिव्यक्त गरेको पहिलो वरदान चाहिँ परमेश्वरसँग शान्ति हो । हामी यस संसारमा जन्मँदाखेरि, हामी परमेश्वरका शत्रु हुन्छौं । हाम्रो जीवनमा हामी परमेश्वरको विरुद्ध पाप गर्छौं । हाम्रो पापको कारणले गर्दा परमेश्वर हामीसँगै रिसाउनु हुन्छ । तर अब ख्रीष्टद्वारा परमेश्वर दयालु हुनुभएको छ अनि हाम्रो पाप क्षमा गर्नुहुन्छ । परमेश्वरको शत्रु हुनु भन्दा, जस्तो कि पावलले अध्याय ५ को पद १० मा व्यक्त गरेका छन् कि येशूले हाम्रो निम्ति क्रूसमा मृत्युद्वारा गर्नुभएको त्यागद्वारा परमेश्वरले हामीलाई आफूसँग मिलापमा ल्याउनु भयो ( २कोरिन्थी ५:१८ र १९ पढ्नुहोस्) । हामी अहिले परमेश्वरसँग शान्तिमा छौं । यो शान्ति हाम्रो हृदयमा भएको असल भावना मात्र होइन, तर हाम्रो सबै पापहरु क्षमा गरेर परमेश्वरले

दिनुभएको शान्ति हो । यो परमेश्वरसँगको यस्तो शान्तिले हाम्रो हृदय हर्षले आनन्द हुन्छ ।

परमेश्वर, जसले यो मिलाप र खुशी हाम्रो निम्ति निश्चित गर्नुहुन्छ, उहाँ भन्नुहुन्छ कि जब हामी पापी थियौं, येशू हाम्रो निम्ति मर्नुभयो । यसले हामीलाई हामीप्रति परमेश्वरको प्रेम प्रदर्शित गर्दछ । हामीलाई उहाँसँग मिलापमा ल्याउन परमेश्वरले उहाँको एक मात्र पुत्र संसारमा पठाउनुभयो । हामी अब येशूमाथिको विश्वासद्धारा परमेश्वरका सन्तान भएका छौं ।

अध्याय ५ का पदहरु १२ देखि २१ मा प्रेरित पावल हामीलाई बताउँदछन् कि संसारमा पाप, एउटा मानिसबाट प्रवेश गऱ्यो । त्यो एउटा मानिस आदम थियो । संसारको उत्पत्ति हुँदाखेरि आदमलाई परमेश्वरले नै सृष्टि गर्नुभएको थियो । परमेश्वरले अदनको बगैंचाको बीचमा रहेको असल र खराबको ज्ञान दिने रुखको फल चाहिँ नखानु भनेर आदमलाई आज्ञा दिनुभयो । तिनले त्यो रुखको फल खाएमा निश्चय नै तिनी मर्नेछन् । आदमले हव्वालाई असल र खराबको ज्ञान दिने त्यो रुखको फल खाने अनुमति दिए । आदमले पनि त्यो रुखको फल खाए । आदमले परमेश्वरको आज्ञा उल्लंघन गरे र त्यसैले अब यस संसारमा जन्मिने प्रत्येक मानिसले आदमको त्यो पाप उत्तराधिकार स्वरुप प्राप्त गर्दछन्। आदमको त्यो पापले हाम्रो संसारमा मृत्यु ल्यायो । तथापि अर्को मानिस, येशूद्धारा हाम्रा पापहरु क्षमा गरिएका छन् अनि हाम्रो जीवनको अन्तमा जब

हाम्रो शरीर मर्दछ, हाम्रो आत्मा निरन्तर बाँच्दछ । अब चाहिँ येशू ख्रीष्ट हाम्रा प्रभुद्धारा अनुग्रहले हामी विश्वासीहरुलाई धर्मी ठहराएर स्वर्गमा अनन्त जीवन प्राप्त छ (रोमी ५:२१) । यो नै परमेश्वरले हामीलाई दिनुभएको चिरस्थायी आशिष हो ।

१७. पावलले अभिव्यक्त गरेको पहिलो वरदान परमेश्वरसँग ...................... हो ।

१८. हामी यस संसारमा जन्मदाखेरि, हामी परमेश्वरका ...................... थियौं ।

१९. तर अब, .................. द्धारा, परमेश्वर ................ हुनुभएको छ अनि हाम्रो पाप क्षमा गर्नुहुन्छ ।

२०. परमेश्वरसँगको यस्तो मिलापले हाम्रो हृदय ................ ले आनन्द हुन्छ ।

२१. हामी अब येशूमा विश्वासद्धारा परमेश्वरका ................ भएका छौं ।

२२. आदमले परमेश्वरको आज्ञा उल्लंघन गरे, र त्यसैले अब यस संसारमा जन्मने प्रत्येक मानिसले आदमको त्यो पाप ............ स्वरुप प्राप्त गर्दछन् ।

२३. आदमको त्यो पापले हाम्रो संसारमा .................. ल्यायो ।


२४. अर्का मानिस, ..................द्धारा हाम्रा पापहरु क्षमा गरिएका छन् ।

२५. हामी विश्वासीहरुको लागि स्वर्गमा .............. ............. प्राप्त छ ।

यि प्रश्नहरुको उत्तर पेज नं. ६७ मा पाउनुहुनेछ ।

अब यी मिलापका शिक्षाशरु अनि हर्ष र जीवनका बारेमा हामी विश्वासीहरुको हैसियतले यस पृथ्वीमा के गर्नुपर्दछ भन्ने सम्बन्धमा परमश्वरले हामीमा प्रयोग गर्नुहुन्छ । हाम्रो निम्ति येशूले आज्ञा पालन गर्नुहुन्छ भन्दैमा के हामीले निरन्तर पाप गरिरहन पाउँछौ अनि परमेश्वरले चाहिँ क्षमा दिइरहुन हुन्छ त ? यो प्रश्नको उत्तर प्राप्त गर्न अब हामी अध्याय ६ पढ्न थालौँ । यसको उत्तर पदहरु १२ र १३ मा उपलब्ध छ । यी पदहरुले हामीलाई “परमेश्वरकहाँ समपर्ण गर” भनेर निर्देशन दिन्छन् ।

तपाई बप्तिस्मा लिँदा आफूलाई परमेश्वर कहाँ समर्पण गर्नुहुन्छ । अध्याय ६ को प्रारम्भिक बचनहरुमा हामीलाई सम्झाइन्छ कि हाम्रो बप्तिस्मा येशूको मृत्यु अनि मृत्युबाट पुनर्जीवित हुनु जस्तै हो । हाम्रो पापको निम्ति येशू मर्नु भएको हुनाले हामी आज्ञाहरु द्वारा अनि पापद्धारा शासित छैनौं । “हामी पापबाट मुक्त भएका छौं । परमेश्वरको अनुग्रहले तपाईलाई मुक्त गरिदिएको छ ।” येशू सदासर्वदा जिउनको लागि मृत्युबाट पुनर्जीवित हुनुभयो । त्यसरी नै हामी पनि बप्तिस्माद्धारा नयाँ इसाई



फिलीपले इथियोपियाको नपुँसकलाई बप्तिस्मा दिए ।

जीवनमा प्रवेश गर्नेछौँ, जुन हामी संसारमा रहुञ्जेल अनि जब स्वर्गमा जान्छौं तब पनि सदासर्वदा रहिरहने छ ।

हामी इसाईहरुको निम्ति परमेश्वरको आशिष भनेको हामीलाई पापबाट उद्धार गरिएको नै हो । तब त इसाईको हैसियतले हामी परमेश्वरको सेवा गर्न चाहन्छौं, जसले हाम्रो दुष्ट स्वभावलाई होइन तर हामीलाई प्रेम गर्नुहुन्छ । पावल लेख्दछन्, "के तिमीहरु जान्दैनौं, आज्ञाकारी कमाराको रुपमा आफैंलाई जसकहाँ समर्पण गर्छौं, जसको आज्ञा तिमी पालन गर्छौं, त्यसको कमारा पनि हुन्छौ ? –कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको ? ( रोमी ६:१६) परमेश्वरको सन्तानको हैसियतले हामी परमेश्वरको इच्छा पुरा गर्दछौं अनि उहाँका आज्ञाहरु पालन गर्दछौं किनकि तिनीहरुले हामीलाई उद्धार गर्ने छन् भनेर होइन तर येशूले हाम्रो निम्ति जे गर्नु भएको छ, त्यसप्रति प्रेमको कारणले गर्दा हो । यसले हामीलाई पवित्र जीवन जिउन डोऱ्याउँछ जसको परिणाम अनन्त जीवन हो ।

रोमीको अध्याय ७ मा प्रेरित पावलले हाम्रो इसाई जीवनलाई विवाहसँग तुलना गरेका छन् । विवाह भनेको एक जना पुरुषको एक जना महिलासँग एक भएर आजीवन जोडिने सम्बन्ध हो । यदि विवाहित जीवनसाथी मध्ये एक, महिला वा पुरुष जसरी मृत्यु भएपनि, अर्को पक्ष पुनः विवाह गर्न स्वतन्त्र हुन्छ । एक

जना इसाई पापको लागि मरेको छ, अब कुनै पनि इसाई परमेश्वरको सेवा गर्न स्वतन्त्र छ। यद्यपी, हामीलाई चेतावनी दिइएको छ कि विवाहको सम्बन्ध पुरुष वा महिला, जसले तोडे पनि यो परमेश्वरको आज्ञा विरुद्ध छ। र हामी व्यभिचारमा फस्नु हुँदैन। विवाह परमेश्वरको आशिष हो। इसाई पुरुष वा स्त्रीले एक-अर्कामा प्रेमको प्रदर्शन गर्दछन्। तिनीहरु एकअर्कामा आदर अनि सहयोग गर्दछन्।

अध्याय ७ ले अरुको केही चिजमा लालसा राख्ने सम्बन्धबारे पनि प्रकाश पार्दछ। यो हाम्रो छिमेकीको पत्नी वा सम्पत्ति हुन सक्दछ। परमेश्वरले हाम्रो जीवनको लागि हामीलाई जे-जति दिनु भएको छ र त्यसमा सन्तुष्ट हुनुपर्दछ अनि उहाँप्रति कृतज्ञ हुनुपर्दछ। यस संसारमा मृत्युले हाम्रो सम्बन्धमा फरक पार्दछ। यसले परिवर्तन ल्याउँछ भन्ने महत्वपूर्ण यथार्थ हामीले जान्नुपर्दछ। व्यवस्था पालन गर्ने सवाल पनि ठयाक्कै त्यस्तै हो। हामी, बप्तिस्माद्धारा पापको निम्ति मर्दछौं। अनि अब येशूको निम्ति बाँच्दछौं। तर पाप आफै नै हाम्रो जीवनमा पटक-पटक देखापर्दछ। पवित्र आत्माको सहायताद्धारा मात्र हामी हाम्रो दुष्ट इच्छालाई नियन्त्रणमा राख्न सक्दछौं अनि परमेश्वरलाई प्रशन्न तुल्याउने जीवन जिउन सक्दछौं। यही नै पावलले अध्याय ८ मा हामीलाई सिकाउँदछन्।

२६. तपाई आफूलाई ..............द्धारा परमेश्वरमा समर्पित गर्नुहुन्छ।

२७. हामी, बप्तिष्माद्धारा नयाँ .................. जीवनमा प्रवेश गर्दछौँ, जुन चिरकालसम्म रहनेछ ।

२८. इसाईको हैसियतले, हामी तब हाम्रो ..................... स्वभावलाई होइन तर हामीलाई प्रेम गर्नुहुने परमेश्वरको .................. गर्न चाहन्छौँ ।

२९. परमेश्वरको विश्वासी सन्तानको हैसियतले, हामी परमेश्वरको इच्छा पूरा गर्नको लागि अनि उहाँको ......... पालन गर्दछौँ किनकि तिनीहरुले हाम्रो उद्धार गर्ने छन् भन्ने होइन तर येशूले हामीलाई गर्नुभएको उपकारप्रतिको .................... को कारणले हो ।

यि प्रश्नहरुको उत्तर पेज नं. ६७ मा पाउनुहुनेछ ।

हामीले उपभोग गर्ने सबै आशिर्वादहरु अनुग्रही परमेश्वरका उपहार हुन्, जसले हामीलाई न्याय गर्नुहुन्छ। यी उपहारहरु हाम्रो जीवनमा अनि हाम्रो हृदयमा पवित्र आत्माको कारणले गर्दा आउने गर्दछ।

अध्याय ८ को पद १ र २ मा पावल लेख्दछन्, “यसकारण अब ख्रीष्ट येशूमा भएकाहरुलाई दण्डको आज्ञा छैन। पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले ख्रीष्ट येशूमा मुक्त पारेको छ।” पछिबाट पद ३ मा पावल लेख्दछन्, “पाप स्वभावले दुर्बल पारिएको हुनाले व्यवस्थाले जे गर्न

सकेन परमेश्वरले गर्नुभयो वा यसरी उहाँले पापलाई शरीरमा नै दण्ड दिनुभयो ।"

बाइबलले हामीलाई परमेश्वर पिताको बारेमा र उहाँको सृष्टिको बारेमा अनि उहाँले निरन्तर संसार र हाम्रो कसरी हेर-विचार गर्नुहुन्छ भन्ने बारेमा बताउँदछ। बाइबलले येशू ख्रीष्टको बारेमा, अनि हामीलाई पापबाट उद्धार गर्नको लागि उहाँले गर्नुभएको सबै कार्यको बारेमा, मृत्युको भयको बारेमा अनि शैतानको शक्तिको बारेमा पनि हामीलाई बताउँदछ। अब हामी पवित्र आत्मा बारे सिक्नेछौँ, जो परमेश्वर पिता अनि परमेश्वर पुत्रको साथमा एक मात्र साँचो परमेश्वर हुनुहुन्छ। हामीलाई विश्वासमा ल्याउन, विश्वास कायम राख्न अनि इसाई जीवन जिउन समर्थ तुल्याउने पवित्र आत्मा नै हुनुहुन्छ ।

हामी, इसाईहरु पाप स्वभावको अधिनमा रहनु हुँदैन । त्यसको सट्टामा हामी पवित्र आत्माको अधीनमा जिउन अनि पवित्र आत्मानुसार चल्न चाहन्छौँ । "किनभने पाप-स्वभावमा मन लगाउनु चाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु चाहिँ जीवन र शान्ति हो ।" पावलले इसाईहरुलाई भन्दछन्, "यदि साँच्चै परमेश्वरका आत्मा तिमीहरुमा वास गर्नुहुन्छ भने, तिमीहरु पाप-स्वभावमा होइन, तर पवित्र आत्मामा हुन्छौँ ।

हामीलाई आत्मिक भनि अनन्त जीवनको आशिष दिने पवित्र आत्मा नै हुनुहुन्छ। हामीले हाम्रा पापहरु क्षमा गरिएका छन भनेर जानेपछि उहाँले हाम्रो जीवनमा शान्ति ल्याउनु हुनेछ। "जो परमेश्वरका आत्माले डोऱ्याइएका हुन्छन्, तिनीहरु नै परेमश्वरका सन्तान हुन्।" इसाईहरुलाई, वास्तवमा नै पवित्र आत्माले आर्शीवाद दिनुभएको छ। हामीमा शान्ति र सुख छ, हामी परमेश्वरका सन्तान हौँ अनि येशूमाथि विश्वासद्धारा परमेश्वरलाई "अब्बा, पिता" भनि पुकार्छौं, (रोमी ८:१५) जसरी हामी प्रभुको प्रार्थना गर्दा "हे हाम्रँ पिता जो स्वर्गमा हुनुहुन्छ " भनेर सम्बोधन गर्दछौँ ।

हामीसँग "भविष्यको महिमाको प्रतिज्ञा स्वरुप पवित्र आत्मा हुनुहुन्छ।" वर्तमान जीवनमा हामीसँग धेरै कष्टहरु हुन्छन् जसले हामीलाई सताउँछ। मानिसहरु हामीसँग खिल्ली उडाउन सक्छन् । किनकि हामी इसाई हौँ। हामी इसाई भएको कारणले मानिसले हामीलाई चोट पुऱ्याउन पनि सकनेछन्। तर हामीलाई थाहा छ कि अन्तिम दिनमा परमेश्वरले हाम्रो शरीरलाई चिहानबाट उठाउनु हुनेछ अनि स्वर्गमा लैजानको निम्ति हाम्रो शरीरलाई हाम्रो आत्मासँग मिलान गर्नु हुनेछ। स्वर्गमा हामी परमेश्वरको साथमा हुनेछौं। परमेश्वरले हाम्रो आँखाबाट सबै आँशु पुछिदिनुहुनेछ। हामी उहाँको प्रशंसा गाउने छौं। हाम्रा प्रियजनहरु, जो येशु ख्रीष्टमाथि विश्वास गरेरै मरेका छन्, तिनीहरुसँग हाम्रो

पुर्नमिलन हुनेछ। हृदयमा पवित्र आत्माको वासले गर्दा हामी अनुभव गर्न सक्दछौँ।

यी सब बाहेक पावलले हामीलाई अध्याय ८ को पद २६ र २७ मा पवित्र आत्माले हाम्रो लागि प्रार्थना गरिदिनु हुन्छ जब हामी कसरी र केका लागि प्रार्थना गर्नु पर्ने बारेमा जान्दैनौ भन्ने विषयमा स्मरण गराउँदछन्। अचम्मको महिमा र आशिष उहाँले हामीलाई दिनुहुन्छ !

हाम्रो दुर्बलतामा पवित्र आत्माले सहायता गर्नुहुन्छ अनि हाम्रो हेर विचार गर्नुहुन्छ। पावल लेख्दछन्, "हामी जान्दछौं कि उहाँमाथि प्रेम गर्नेहरुलाई सबै थोकमा परमेश्वरले महिमा प्रदान गर्नुहुनेछ । इसाई जीवनमा आई पर्ने विभिन्न खाले बाधा विघ्नहरुको कारणले गर्दा हामी दुःखी र निरुत्साहित हुन सक्छौँ। हामी सोध्छौँ, "परमेश्वरले ममाथि किन यसो गर्नुभएको हो ? म परमेश्वरलाई प्रेम गर्दछु, तर अनेक समस्याहरुबाट म पीडित छु।" परमेश्वरले हाम्रो जीवनमा दुःख कष्टहरु किन आउन दिनुहुन्छ भन्ने बारे हामी जान्दैनौ, तर हामीलाई थाहा छ कि हामीलाई परमेश्वरले प्रेम गर्नुहुन्छ अनि उहाँले हाम्रो भलाई कै निम्ति यी समस्याहरु हामी कहाँ पठाउनु हुन्छ। कसैले भनेका पनि छन् कि परमेश्वरले हामी कहाँ रोग पठाउनु हुन्छ ताकि ओछ्यानमा पल्टेर हामी परमेश्वरलाई हेर्न सकौं अनि हामीलाई गाह्रो पर्दा सहायता गर्नु हुनेलाई प्रार्थना गर्न सकूँ। संसारको सृष्टि हुनु अगाबै देखि परमेश्वरले विश्वासीहरुलाई उहाँको आफ्नो भनेर चुनिसक्नु भएको

थियो। उहाँले हाम्रो जीवनलाई यस संसारको धर्मी ठहऱ्याइसक्नु भएको छ अनि उहाँले स्वर्गमा अनन्तसम्म उहाँको साथमा राख्नको निम्ति आफ्ना सन्तान लग्दै हुनुहुन्छ।

परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने विषयमा अनि उहाँ हाम्रो पक्षमा हुनुहुन्छ भन्नेमा हामी निश्चित हुन सक्छौं। हाम्रो उद्धार गर्न तथा हाम्रो सम्पूर्ण पापहरु क्षमा गर्नको निम्ति परमेश्वरले उहाँको एक मात्र पुत्र हामीलाई दिनुभयो। त्यति महान वरदान त दिनुभयो भने हामीलाई आवश्यक अरु थोक दिनुहुने छैन र? (रोमी ८:३२) पावल सोध्छन् "कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने?" (रोमी ८:३५)।

यो जीवनको सबै प्रकारका दु:ख कष्टले इसाईहरुलाई साँचो पिता परमेश्वर पुत्र (परमेश्वर) अनि पवित्र आत्माबाट अलग गर्न सक्ने छैन। हाम्रो मुक्ति निश्चित छ किनकि यो हाम्रो आफ्नो कार्यमा आधारित छैन। पावल पद ३८ र ३९ मा लेख्दछन्, "किनकि म यो पक्का गरी जान्दछु कि मृत्युले वा जीवनले, स्वर्गदूतहरुले वा प्रधानताहरुले, वर्तमानका कुराहरुले वा पछि हुने कुराहरुले, वा शक्तिहरुले, उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।" हामीलाई उहाँका सन्तान हुनको निम्ति चुन्नु हुने परम् पिता परमेश्वरलाई हामी धन्यवाद दिन्छौं। हाम्रो निम्ति मर्नु हुने अनि



येशूले पवितआत्मा पठाउने प्रतिज्ञा गर्नुभयो ।

पुनर्जीवित  हुनु हुने येशु ख्रीष्टलाई हामी धन्यवाद दिन्छौ, जसको कारणले हामी परमेश्वरद्धारा धर्मी ठहऱ्याइएका छौँ अनि क्षमा गरिएका छौँ। अनि येशूमाथि विश्वास गर्न प्रेरित गर्नु हुने अनि सोही विश्वासमा कायम राख्नु हुने पवित्र आत्मालाई हामी धन्यवाद  दिन्छौँ।

तपाईको मुक्ति अनि स्वर्गमा हुने जीवनको प्रतिज्ञा निश्चित छ किनभने यो हाम्रो असल कार्यमा निर्भर रहने होइन, तर परमेश्वरले येशूलाई हाम्रो मुक्तिदाताको रुपमा पठाउनु भएर अनि हामीमा पवित्र आत्माको बासको कारणले हामी परमेश्वरका सन्तानका हैसियतले परमेश्वरसँगै शान्ति प्राप्त गर्न सक्नेछौँ। यी सबैको लागि हामी परमेश्वरलाई धन्यवाद दिन्छौँ।

३०. जसले हामीमा ....................उत्पन्न गर्नुहुन्छ, जसले हामीमा .............. कायम राख्नुहुन्छ, अनि जसले हामीलाई ......... ............. जिउने प्रेरणा दिनुहुन्छ, उहाँ नै पवित्र आत्मा हुनुहुन्छ।
३१. हामी इसाईहरु ............. ............... स्वभावको अधिनमा रहेर कदापि जिउनु हुन्न।
३२. हामी .............. को अधिनमा रहेर जिउन चाहन्छौँ।
३३. हाम्रो वर्तमान जीवनमा कैयौ ............... .................. छन्, जसले हामीलाई दुःख दिइरहन्छन्।

३४. स्वर्गमा परमेश्वरले हाम्रा आँखाबाट सबै ............ पुछिदिनु हुन्छ ।
३५. हाम्रो दुर्बलतामा पवित्र आत्माले हाम्रो ............ गर्नुहुन्छ (वा हाम्रो निम्ति .......... गरिदिनु हुन्छ ।)
३६. हाम्रो मुक्ति ............... छ किनकि यो हाम्रो असल काममा निर्भर रहने होइन ।

यि प्रश्नहरुको उत्तर पेज नं. ६७ मा पाउनुहुनेछ ।

## अध्याय तीनको पुनरावलोकन

हामीलाई धर्मी ठहऱ्याइएको सिद्धान्त तथा शिक्षण अर्थात् येशू ख्रीष्टमाथिको विश्वासद्वारा हाम्रा पापहरु क्षमा गरिएको विषय-वस्तु नै पवित्र बाइबलको महत्वपूर्ण शिक्षा हो। यो परमेश्वरको अनुग्रह, सित्तैमा दिइएको प्रेम अनि दयाको कारणले गर्दा मात्र हामी परमेश्वरको क्षमा गरिएका सन्तान भएका छौं ।

परमेश्वरको प्रेमले गर्दा आफ्नो एकमात्र पुत्र, येशूलाई हाम्रो लागि व्यवस्था पालन गर्न अनि हामीले गरेको पापको सजाय भोग्नलाई क्रूसमा मर्न पठाउनुभयो। हाम्रो लागि येशूले जे गर्नुभएको थियो त्यसमा परमेश्वर सन्तुष्ट हुनुहुन्थ्यो अनि हामीलाई धर्मी ठहऱ्याउन सकियोस् भनेर येशू क्रूसमा मारिनु भएको तेस्रो दिन मृत्युबाट पुनर्जीवित हुनुभयो ।

येशूले हामीलाई हाम्रा पापको क्षमा दिनको लागि जे गर्नुभयो, त्यो अब बिश्वासद्धारा हाम्रो भएको छ ।। यो विश्वास पनि परमेश्वरको उपहार हो किनकि हाम्रो मुक्ति कुनै त्यस्तो चिज होइन, जुन हामी आफैं आर्जन गर्न सकौं । पुरानो करारका मानिसहरु, जस्तै अब्राहाम र राजा दाऊद यस संसारमा आउनु हुने मुक्तिदाता माथिको विश्वासले गर्दा उद्धार गरिए, जसरी हामी यस संसारमा आउनु भएका येशूद्वारा उद्धार गरिएका छौं ।

येशूले हाम्रो लागि गर्नुभएको त्याग माथिको विश्वासले हाम्रो हृदयमा सुख र शान्ति ल्याउँदछ । जब हामा पूर्खा, आदम र हव्वाले परमेश्वरको आज्ञा उल्लंघन गरे अनि असल र खराबको ज्ञान दिने रुखको फल खाए, तब पाप र मृत्यु हाम्रो संसारमा जन्मने प्रत्येकले आदमको पाप उत्तराधिकार स्वरुप प्राप्त गर्दछ । तर येशू, मानव-पुत्र, हाम्रो बदलामा मर्नुभयो, त्यसैले उत्तराधिकार स्वरुप प्राप्त पाप अनि हामी स्वयंले आफ्नो जीवनमा गरेको पाप दुवै क्षमा गरियो । हामी हाम्रा पिता परमेश्वरको सामुन्ने धर्मी ठहरिएका छौं । अब हामी स्वर्गमा चिरस्थायी जीवन जिउन सक्नेछौं ।

क्षमा गरिएका परमेश्वरका सन्तानका हैसियतले, हामी वैवाहिक जीवनका साथै अर्काको चिजहरुप्रति हाम्रो लालसालाई नियन्त्रणमा राख्ने काम लगायत हाम्रो जीवनको हरेक पक्षलाई हामी परमेश्वरको इच्छा अनुसार ढाल्न चाहन्छौं ।

इसाईका सबै आशीर्वादहरु परमेश्वरकै कार्यद्वारा आउँछन, जसले हामीलाई विश्वासमा ल्याउनु हुन्छ, हामीमा विश्वास कायम राख्नुहुन्छ अनि इसाई जीवन जिउनलाई प्रेरित गर्नुहुन्छ। हाम्रो वर्तमान जीवनमा अनेकौं समस्याहरु हुन्छन, जसले हामीलाई दुःख दिइरहन्छ। पवित्र आत्माले नै हाम्रो निम्ति प्रार्थना गरिदिनु हुन्छ अनि सहायता गर्नुहुन्छ। हामीमाथि आइपर्ने समस्याहरु पनि हाम्रो भलाईकै निम्ति हुन्। परमेश्वरको प्रेमबाट हामीलाई कसैले अलग गर्न सक्दैन। तसर्थ हाम्रो मुक्ति निश्चित छ। हामी धर्मी ठहरिएका छौं। यी सबका लागि हामी परम पिता परमेश्वर, पुत्र परमेश्वर अनि पवित्र आत्मा परमेश्वरलाई धन्यवाद दिन्छौं।

**अध्याय तीनका प्रश्नहरुका उत्तरहरु**

१. रिसाउनु, पाप, २. विश्वास, ३ प्रेम, योग्य, ४.सम्पन्न, गरीब ५. पाप, ६. क्रूस, ७. धर्मी, जीवित, ८. सन्तुष्ट ९. केवल, धर्मी, १०. विश्वास, ११. मुक्ति पाउने छैनन्, १२.उपहार। १३. (क) परमेश्वरको व्यवस्था पूर्णरुपले पालन गरेर येशूले हाम्रो निम्ति जे गर्नुभएको छ र साथै हाम्रो दण्ड-सजायको जिम्मा आफूले लिनु भएको कारणले मात्र हामी धर्मी ठहरिएका छौं, क्षमा गरिएका छौं अनि उद्धार गरिएका छौं। (ख) हाम्रो आफ्नो असल कामले होइन तर परमेश्वरको उपहार स्वरुप येशूमाथिको विश्वासले मात्र हामी धर्मी ठहरिएका छौं, क्षमा गरिएका छौं अनि उद्धार गरिएका छौं। १४.कर्म, विश्वास, १५. मुक्तिदाता, १६. हुने,१७. शान्ति, १८. शत्रु, १९. येशू, दयालु, २०. खुशी, २१. सन्तान, २२.उत्तराधिकार, २३. मृत्यु, २४. येशू, २५. अनन्त जीवन, २६. बप्तिस्मा, २७. इसाई, २८. सेवा, दुष्ट/पाप, २९. आज्ञा, प्रेम, ३०. विश्वास, विश्वास, इसाईजीवन, ३१. पापी, ३२. पवित्र आत्मा, ३३. समस्याहरु, ३४. आँशु, ३५. प्रार्थना, ३६. निश्चित।

## अध्याय तीनको परीक्षा

१. व्यवस्था पालन गरेको कारणले होइन, तर येशू खीष्टमाथि ............... गर्नाले हामीलाई क्षमा गरिएको हो ।

२. बाइबलले हामीलाई बताउँछ कि येशू ......... रहित हुनुहुन्थ्यो ।

३. जब येशुले हामो स्थान लिनुभयो अनि ................ मा मारिनु भयो, तब उहाँलाई हाम्रो पापको सजाए दिइयो ।

४. तपाईंको विश्वास पनि परमेश्वरको ........... हो ।

५. परमेश्वरले एकजना ................ पठाउनु हुनेछ भनी अब्राहामले विश्वास गरे ।

६. परमेश्वरसँगको मिलापले हाम्रो हृदय ........... ले भरिन्छ ।

७. हामी अब येशूमाथिको विश्वासद्वारा परमेश्वरका .............. भएका छौं ।

८. हामी इसाईहरुको लागि स्वर्गमा ................ ................ प्राप्त छ ।


९. परमेश्वरका विश्वासी सन्तानका हैसियतले हामी परमेश्वरका इच्छानुसार गर्दछौं अनि हामीलाई

उद्धार गर्नेछ भनेर होइन तर येशूले हाम्रो लागि जे गर्नुभयो त्यसकारण ............ ले गर्दा परमेश्वरको ............... पालन गर्दछौं ।

१०. उहाँ पवित्र आत्मा नै हुनुहुन्छ, जसले हामीलाई .............. मा ल्याउनु हुन्छ, जसले हामीमा ............ कायम राख्नुहुन्छ, अनि जसले ........... जीवन जिउन उत्प्रेरित गर्नुहुन्छ ।

११. हाम्रो मुक्ति ............. छ किनकि यो हाम्रो असल काममा निर्भर छैन ।

**यि प्रश्नहरुको उत्तर पेज नं. १३७ मा पाउन सक्नुहुन्छ ।**



परमेश्वरले हामीलाई बचाउने योजना बनाउनुभयो ।

*अध्याय चार*

# परमेश्वर सबै मानिसहरुले येशूमाथि विश्वास गरुन भन्ने चाहनुहुन्छ ।

## रोमी ९:१ देखि ११:३६ पढ्नुहोस्

रोमीहरुलाई पावलले लेखेको पत्र यहूदीहरु अनि गैर-यहूदीहरु दुवै थरिलाई थियो । पावलद्वारा परमेश्वरले यो रोमीहरुलाई पावलको पत्रको अघिल्लो अध्यायहरुमा हामीलाई बडो स्पष्टसँग सिकाइसक्नु भएको छ कि सबै मानिसहरु धर्मी ठहरिएका छन् । व्यक्तिगत रुपमा, येशू ख्रीष्टमाथि विश्वासको कारणले गर्दा तिनीहरु क्षमा गरिएका छन् । तर सबै मानिसहरुले येशूमाथि विश्वास राख्दैनन् । केही मानिसहरु येशूलाई आफ्नो

मुक्तिदाताको रुपमा स्वीकार गर्दछन भने कोही चाहिँ, पवित्र आत्माको शक्तिले गर्दा, येशूलाई तिनीहरुको मुक्तिदाता मान्दछन्, अनि विश्वास गर्नाले तिनीहरुको हृदय हर्षले भरिन्छ । मर्कूस १६:१६ ले हामीलाई स्मरण गराउँदछ, "विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिने छ । यो अध्याय (जसको बारेमा हामी अब पढ्दैछौं) मा परमेश्वर हामीलाई सिकाउनु हुन्छ :

* धेरै मानिसहरु क्षमा बारे परमेश्वरको प्रतिज्ञा सम्बन्धमा विश्वास गर्दैनन् ।
* धेरै मानिसहरु, परमेश्वरको अनुग्रहको कारणले, तिनीहरु धर्मी ठहरिएका छन अनि क्षमा गरिएका छन् भनी विश्वास गर्दछन् ।

रोमीहरुलाई लेखिएको पत्रको अध्यायहरु ९, १० र ११ भरी नै प्रेरित पावल परमेश्वरको मुक्ति सम्बन्धी योजना बारे यहूदीहरुको प्रतिक्रिया गैर-यहूदीहरुको प्रतिक्रियासँग कसरी फरक छ भन्ने देखाउँदछन् ।

पावलको हृदय व्यथाले भरिन्छ । अध्याय ९ को सुरुको पदहरुमा उनी भन्छन, "मेरो हृदयमा असाध्य शोक र मनमा अटुट वेदना छ । म त यहाँसम्म पनि चाहन सक्थें कि मेरो भाइहरु र मेरा जातिको नाताले मेरा कुटुम्बहरुका खातिर म नै श्रापित होऊँ............. यहूदीहरुसँग त्यत्ति धेरै आशिषहरु परमेश्वरको तर्फबाट

प्राप्त थियो तर गैर-यहूदीहरुसँग केही थिएन । ती यहूदीहरु परमेश्वरका चुनिएका मानिसहरु थिए । परमेश्वरले भन्नुभएको थियो कि उहाँ तिनीहरुको परमेश्वर हुनुहुनेछ अनि तिनीहरु उहाँका मानिसहरु हुनेछन् । मुक्तिदाताको प्रतिज्ञा अब्राहाम, इसहाक र याकूब, जसलाई इस्राएल भनिन्थ्यो तिनीहरु कहाँ आयो भयो । तिनीहरुले मोशाबाट दश आज्ञाहरु प्राप्त गरे । ती दश आज्ञाहरु परमेश्वरका हातहरुबाट ढुङ्गाका दुईवटा पाटीहरुमा लेखिएका थिए । साथै, प्रतिज्ञा गरिएको मुक्तिदाता राजा दाऊदका वंशबाट आउनु भएको थियो ।

तथापि, धेरैजसो यहूदीहरुले येशूमाथि विश्वास गरेनन् । "गुरुज्यू, हामीले कैसरलाई कर तिर्नु उचित छ कि छैन ?" फरिसीहरुले यस्तो प्रश्न गरेर येशूलाई छलकपट गर्न खोजे । शबाथका दिन येशू र उहाँका चेलाहरुले काम गरेकोमा परमेश्वरको व्यवस्थाका उल्लंघन भयो भनी उहाँहरुप्रति तिनीहरुले अपराध गरेको अभियोग लगाए । येशूले आफ्ना चेलाहरुलाई कफर्नहुम शहरमा भन्नुभयो, "स्वर्गबाट ओर्ली आएको रोटी म नै हुँ ।" येशूका चेलाहरुले भने, "यो वचन कठोर छ, कसले यो सुन्न सक्दछ र ?" त्यस बेलादेखि नै येशूका चेलाहरुले उहाँलाई त्यागे । त्यसपछि तिनीहरुले येशूलाई पछ्याएनन् । हिजो आज सम्म पनि धेरैजसो यहूदी जाति प्रतिज्ञा गरिएका मुक्तिदाताको प्रतिक्षा गर्दछन् । येशू नै तिनीहरुको मुक्तिदाता हुनुहुन्छ भनी तिनीहरु विश्वास गर्दैनन् ।

प्रेरित पावलको आफ्नै मण्डलीमा उनी सर्वप्रथम यहूदीहरुको आराधना गर्ने ठाउँमा येशूको बारेमा सन्देश दिन जाने गर्दथे । तर धेरैजसो भेटघाटको अवसरमा उहाँलाई यहूदीहरुले धार्मिकस्थलबाट लखेट्थे र कहिले त शहरबाटै बाहिर पठाइदिन्थे । येशूको बारेमा पावलले दिएका उपदेशमाथि तिनीहरुले विश्वास गरेनन् । धेरैजसो यहूदीहरु येशू उनीहरुको मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्दैनन् ।

आज अरु धेरै मानिसहरु पनि छन्, जो यहूदी होइनन् तर परमेश्वरको वचनमाथि विश्वास गर्दैनन् । तिनीहरुको पापबाट मुक्ति दिने येशू नै हुनुहुन्छ भनी तिनीहरु विश्वास गर्दैनन् । तिनीहरु आफ्नै असल काममाथि भरोसा राख्दछन् । तिनीहरु काठ र ढुङ्गाबाट निर्मित झूटा देउताहरुको पूजा गर्दछन् । तिनीहरु पितृको पूजा गर्दछन् । तिनीहरुको पाप क्षमा गरिएको छैन ।

अर्कोतिर, पावल हामीलाई भन्छन, "मानिसको इच्छा वा प्रयासमाथि यो निर्भर गर्दैन, तर परमेश्वरको कृपामाथि निर्भर गर्दछ ।" हामी इसाईहरु ती मानिस हौं । उहाँले हामीलाई चयन गर्नुभएको छ । हामी यहूदीको वंशबाट मात्र आएका होइनौं । हामीमध्ये धेरै यहूदी होइनौं । होशेको पुस्तकमा परमेश्वर भन्नुहुन्छ, "जुनहरु मेरा मानिसहरु थिएनन्, तिनीहरुलाई म मेरा प्रजा तुल्याउने छु ।"

पावल अध्याय ९ को पद ३० देखि ३२ सम्म यस बारे निरन्तर भन्दछन्, "अब हामी के भनौं ? धार्मिकताको पछि नलाग्ने अन्य जातिहरुले धार्मिकता प्राप्त गरेका छन्, अर्थात् विश्वासद्वारा पाइने धार्मिकता । तर व्यवस्थामाथि आधारित भएको धार्मिकताको पछि लाग्ने त्यस इस्राएलले त्यो व्यवस्था पूरा गर्न सकेन । किन सकेन ? किनकि धार्मिकता कर्महरुमाथि आधारित छ भन्ने बिचार गरेर  तिनीहरुले विश्वासद्वारा धार्मिकता खोजेनन् । तिनीहरु ठेस लाग्ने ढुङ्गामा ठक्कर खाएर लडेकाछ्न् ।" जो यहूदी होइनन्, अन्य जातिहरुले परमेश्वरलाई खोजेनन् । तिनीहरुलाई परमेश्वरले नै खोज्नुभयो । येशूलाई अस्वीकार गरेका कारणले परमेश्वरसँगको निगाहपूर्ण स्तर यहूदीहरुले गुमाए, तर येशूलाई तिनीहरुको मुक्तिदाताको रुपमा विश्वास गरेकाले अन्य जातिहरु धर्मी ठहरिएका छन् ।

फेरि पनि, रोमीहरुलाई पावलको पत्रमा सर्वत्र, परमेश्वर हामीलाई शिक्षा दिनुहुन्छ कि हामीले जीवनमा असल काम गरेको कारणले होइन, तर हामी विश्वासद्वारा, येशू ख्रीष्टमाथिको विश्वासद्वारा उद्धार गरिएका छौं । हामी परमेश्वरको अनुग्रहद्वारा उद्धार गरिएका छौं । आफूलाई आफैंले उद्धार गर्न खोजे, हामी पराजित हुनेछौं ।

१. धेरै जसो यहूदीहरुले येशूमाथि .............. गरेनन् ।
२. आजकल पनि यहूदी जाति .............. ...........मुक्तिदाताको प्रतिक्षा गर्दछन् ।
३. हिजोआज पनि परमेश्वरको .............. माथि विश्वास नगर्ने मानिसहरु प्रशस्त छन् ।
४. रोमीहरुलाई पावलको पत्रमा सर्वत्र नै परमेश्वर हामीलाई शिक्षा दिनुहुन्छ कि हामीले जीवनमा असल .............. गरेको कारणले होइन, तर हामी .................... द्वारा .............. .............. माथिको विश्वासद्वारा उद्धार गरिएका छौं ।
५. हामी परमेश्वरको ........ द्वारा उद्धार गरिएका छौं ।
६. आफूलाई .......... ............. गर्न खोजे हामी पराजित हुनेछौं ।

यी प्रश्नहरुका उत्तरहरु पृष्ठ ८५ मा पाउनुहुनेछ ।

अध्याय १० मा प्रेरित पावल यस संसारका सबै मानिसहरुको उद्धार गर्ने परमेश्वरको योजना बारे यहूदी र अन्य जातिको प्रतिक्रियाको फरक निरन्तर रुपले देखाउँदछन् ।

पुनः त्यस अध्यायको थालनीका वाक्यहरुमा, पावल आफ्ना मानिसहरु, इस्राएलीहरु, यहूदीहरुको उद्धार होऊन् भन्ने चाहन्छन् । जस्तो कि पद ३ ले हामीलाई भन्दछ, "किनभने परमेश्वरबाट आउने धामिकताको बिषयमा नजानेर तिनीहरुको आफ्नै धार्मिकता स्थापित गर्न खोज्दा यहूदीहरु परमेश्वरका धार्मिकताको अधीनमा

रहेनन् ।” तिनीहरुले आफ्नै व्यवस्थाको पालन गरेर तथा आफ्नै धार्मिकता स्थापना गरेर परमेश्वरको धार्मिकता प्राप्त गर्न खोजे । तर पापी मानिसहरुले व्यवस्था पालन गरेर आफूलाई उद्धार गर्न सक्दैनन् । रोमी ३:१२ ले हामीलई भन्दछ, “तिनीहरु एकसाथ बेकम्मा भएका छन् । कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन ।” यदि यहूदी या अन्य जाति कसैले व्यवस्थाको पालन गरेर आफैंलाई उद्धार गर्न चाहन्छ भने उसले व्यवस्था पूर्णरुपले पालन गरोस् । येशूले हामीलाई यसो भनेर उहाँको उपदेशमा शिक्षा दिनुभएको छ, “यसकारण जस्तो तिमीहरुका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरु पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।” - मत्ति ५:४८) हामी सिद्ध छैनौं । हामी पाप गर्दछौं । उहाँ येशू नै हुनुहुन्थ्यो, जो हाम्रो निम्ति सिद्ध जीवन जिउन अनि हामीलाई धर्मी तुल्याउन यस संसारमा आउनुभयो ।

व्यवस्थाको पालन गर्नाले हामी मुक्त हुने छैनौं । तर हामी येशू ख्रीष्टमाथि विश्वास गर्नाले मुक्त हुनेछौं । यस सम्बन्धमा पावल पद ८ देखि १० सम्म  लेख्छन्, “(तर यसले के भन्छ ?) वचन तिम्रो नजिकै छ, तिम्रो मुखैमा र तिम्रो हृदयमा”, अर्थात “विश्वासको वचन, जो हामी प्रचार गर्दछौं । किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ । किनकि

मानिसले आफ्नो हृदयले विश्वास गर्दछ र ऊ निर्दोष ठहरिन्छ अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ ।" पवित्र आत्माले तपाईंलाई विश्वासमा ल्याउनको निम्ति परमेश्वरको वचन, पवित्र बाइबल प्रयोग गर्नुहुन्छ । त्यसैले हामी परमेश्वरको वचन पढ्दछौं, अध्ययन गर्दछौं, अनि ज-जसले येशू उनीहरुको मुक्तिदाता हुनुहुन्छ भन्ने जान्दैनन्, तिनीहरुसँग यो बाँड्दछौं । पद १४ र १५ ले हामीलाई येशूको बारेमा सुन्नै पर्ने मानिसहरु छन् भन्ने स्मरण गराउँछ । येशूलाई चिन्ने कुनै मानिसको बारेमा तपाईलाई अवगत होला । येशूको बारेमा सुन्नको निम्ति हामीले गुरुहरु अनि धर्म प्रचारकहरु पठाउन आवश्यक छ, जसले हाम्रो खातिर मर्नको लागि परमेश्वरले उहाँको एक मात्र पुत्र, येशू पठाउनु भयो भन्ने अदभूत समाचार प्रचार गर्नेछन् । "सु-समाचार प्रचार गर्नेहरुका पाउ कति सुन्दर !" "जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ र जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ ।"

अगमवक्ता मोशा, राजा दाऊद अनि अगमवक्ता यशैया सबैले तोकेरै भनेका छन् कि यहूदीहरु जतिले सुसमाचारको सन्देश सुनेका छन् । आज त्यही सन्देश तपाई, जो यहूदी हुनुहुन्न, सम्म आइपुगेको छ । राजा दाऊदद्धारा भजनसंग्रहमा जसो लेखिएको छ, "तिनीहरुको आवाज सारा पृथ्वीभरि पुगेको छ, र तिनीहरुको वचन संसारको पल्लो छेउसम्म पुगेका छन् ।"



येशूले उहाँका चेलाहरुलाई र हामीलाई पटाउनुहुन्छ ।

फलस्वरुप, तपाईले आफ्नो मुक्तिदाताको बारेमा असल समाचार थाहा पाउनुभयो अनि परमेश्वरको वचनको उपदेश र शिक्षाले तपाईलाई कसरी उद्धार गरेका छन् भन्ने अवगत भएकाले तपाईले येशूमाथि विश्वास गर्न थाल्नुभयो । उहाँले तपाईलाई गर्नुभएको दया र मायाको निम्ति परमश्वरलाई धन्यवाद दिनुहोस् ।

७. पापी मानिसहरुले .................. को पालन गरेर आफूलाई उद्धार गर्न सक्तैनन् ।
८. हामी ........... छैनौ । हामी ................ गर्दछौँ ।
९. हामी येशूमा ............. द्धारा उद्धार गरिएका छौँ ।
१०. पवित्र आत्माले तपाईलाई विश्वासमा ल्याउनको लागि परमेश्वरको वचन, ........ ........... प्रयोग गर्नुहुन्छ ।
११. उहाँले तपाईलाई गर्नुभएको ............. र ............ को निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् ।

यी प्रश्नहरुका उत्तरहरु पृष्ट ८५ मा भेट्टाउनुहुनेछ ।

जब हामी रोमीहरुलाई पावलको पत्रको अध्याय ११ पढ्न शुरु गर्दछौँ, त्यसमा पावल एउटा महत्वपूर्ण प्रश्न सोध्छन् “के परमेश्वरले यहूदीहरुलाई परित्याग गर्नुभएको छ त?” उत्तर यस्तो छ, “कदापि होइन ।”

पावलले यसको निम्ति दुइवटा दृष्टान्त प्रस्तुत गरेका छन्:

१. यदि परमेश्वरले यहूदी जातिको उद्धार गर्न छोडिदिनु भएको भए पावलको उद्धार हुने थिएन किनकि उनले आफू यहूदी हुँ भनेका छन् ।
२. पुरानो करारको समयमा जुन बेला एलिया अगमवक्ता थिए, उनले सोचेका थिए कि त्यस त्यस बेला सम्म परमेश्वरको विश्वास गर्ने उनी मात्र एक थिए । तर परमेश्वरले एलियालाई सम्झाउनुभयो कि त्यहाँ अझ ७००० यहूदीहरु रहेका थिए, जसले बाल भन्ने झूटो देउतालाई मान्दैन थिए ।

हामीले जान्यौँ कि परमेश्वरले उद्धार गरिनेहरुको छनोट गर्नुहुन्छ । त्यसमा यहूदी र गैर यहूदी दुबै समावेश छन् । येशूमाथि विश्वास गर्ने मानिसहरु जुनसुकै समयमा हुन्छन्, अनि तिनीहरु उद्धार गरिन्छन् । "तिनीहरु परमेश्वरको अनुग्रहद्धारा चुनिएका हुन् । तर अनुग्रहबाट हो भने, यो कर्मको आधारमा होइन, नत्रता अनुग्रह अझ अनुग्रह नै रहने थिएन" (रोमी ११:६) ।

पावल स्वयंले आफूलाई अन्य जातिहरुको निम्ति पठाइएको प्रेरित भनेका छन् ।" उहाँको शक्तिको कार्य अनुसार मलाई दिइएका परमेश्वरको त्यस अनुग्रहको वरदान बमोजिम यस सुसमाचारको म सेवक बनाइएको थिएँ । सबै सन्तहरुमा म अत्यन्त तुच्छ भए तापनि

ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्य जातिहरुलाई प्रचार गरुँ भनेर मलाई यो अनुग्रह दिइयो” (एफिसी ३:७ र ८) यद्यपी उनी यहूदीहरुले उद्धार होस् भन्ने चाहन्छन्, तथापि उनी गैर यहूदीहरुले पनि मुक्तिदाताको रुपमा येशूमाथि विश्वास गरुन भन्ने चाहान्छन् । उनी अन्य जातिलाई घमण्ड नगर्न चेताउनी दिन्छन् । उनी यसलाई जैतूनको रुखको दृष्टान्त दिएर प्रष्ट पार्छन् । त्यस रुखलाई परमेश्वरले आफ्ना सन्तानको रुपमा अनि उहाँको मण्डलीको अंगको रुपमा चुन्नु भएको छ । ती अन्य जातिहरु त्यस जंगली रुखका हाँगाहरु हुन्, जसलाई परमेश्वरको रुख हुन छिँवलिन्छ कलमी बाँधिन्छ । तिनीहरुको मुक्ति रुखको जरा, परमेश्वरबाट आउँछ । यदि हाँगा काटियो भने, त्यो हाँगा कदापी रहन्न । त्यसैगरी परमेश्वरको वचनमा नरहने विश्वासीहरु परमेश्वरको प्रेमबाट अनि सबै मानिसहरुका निम्ति योजनावद्ध गरिएका मुक्तिबाट परित्याग हुन्छन् ।

परमेश्वर कति दयालु हुनुहुन्छ, साथै कति कठोर हुनुहुन्छ भन्ने सम्बन्धमा प्रेरित सबैलाई ध्यान पुऱ्याउन आव्हवान गर्दछन् । ( रोमी ११:२२) परमेश्वर आफ्नो दया र प्रेममा उद्धार गरिने ती आफ्ना सन्तानको चयन गर्नुहुन्छ । यो सुखद समाचार हो । यो सुसमाचार हो । तर परमेश्वरको दृढताले हामीलाई स्मरण गराउँदछ कि हामी उहाँको दयाबाट परित्याग हुन सक्दछौं । यो नराम्रो समाचार हो । त्यो नै व्यवस्था हो । बाइबलले

हामीलाई बताउँछ कि, "येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्धारा प्रकट भएको छ । किनभने केही भेद छैन, किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन् (रोमी ३:२२, २३) । तथापि, सबै मानिसहरुले मुक्ति पाउन भन्ने परमेश्वर चाहनुहुन्छ (१ तिमोथी २:४) । हामी परमेश्वरको अनुग्रहद्धारा उद्धार गरिएका छौँ । यदि हामी चुक्यौँ भने, यो हाम्रै दोष हो ।

परमेश्वरको योजना सबै मानिसको निम्ति रहस्य नै हुन्छ । परमेश्वरले यहूदी हुन् या अन्य जाति आफ्नो कृपामा चुन्नु भएको छ अनि उद्धार गरिएकाहरुलाई बोलावट भएको छ । त्यसैले रोमीको अध्याय ११ को पद ३३ देखि ३६ सम्मका अन्तिम वाक्यहरुले हामीलाई परमेश्वरको प्रशंसा गर्न लगाउँछ अनि भन्न लगाउँछ, "किनकि सबैथोक उहाँबाट, उहाँद्धारा र उहाँकै निम्ति हुन् । उहाँलाई नै सदासर्वदा महिमा होस् । आमिन् ।

१२. परमेश्वरले उद्धार गर्नको निम्ति मानिसहरु ............ वा चयन गर्नुहुन्छ ।
१३. येशूमा .............. गर्ने मानिसहरु हर समयमा हुने गर्छन् अनि उद्धार गरिन्छन् ।
१४. परमेश्वर दया र प्रेममा उद्धार गरिने ती आफ्ना............. को चयन गर्नुहुन्छ ।

१५. परमेश्वरको दृढताले हामीलाई स्मरण गराउँछ कि हामी उहाँका ......... बाट परित्याग हुन सक्छौं ।

यि प्रश्नहरुका उत्तर पेज नं. ८५ पाउन सकिन्छ ।

## अध्याय चारको पुनरावलोकन

प्रेरित पावल हामीलाई स्मरण गराउदछन् कि यहूदीहरु हुन् या अन्य जाति सबै नै उद्धार गरिनुपर्छ । तर पावलको हृदय दुःखले भरिएको छ किनकि अनेकौ यहूदीहरु येशूमाथि विश्वास गर्दैनन् ।

यहूदीहरुले परमेश्वरबाट धेरै आशिषहरु पाए । तिनीहरु परमेश्वरका चुनिएका जाति हुन् । तिनीहरुले मोशाद्धारा परमेश्वरका दश आज्ञाहरु प्राप्त गरे । अब्राहामलाई प्रतिज्ञा गरिएका मुक्तिदाता राजा दाऊदका वंशमा आउँदै हुनुहुन्थ्यो । तथापि धेरै जसो यहूदीहरुले येशूमाथि विश्वास गरेनन् , जबकि उहाँ तिनीहरुकै माझमा हुनुहुन्थ्यो । आज केही यहूदीहरु पापबाट उद्धार गर्ने मुक्तिदाताको प्रतिक्षा गर्दछन् ।

अन्य जातिहरु, येशूले उनीहरुको लागि जे गर्नुभयो त्यसको कारणले येशूमा विश्वास द्वारा उद्धार गरिएका छन् । तिनीहरु असल काम गरेको कारणले उद्धार गरिएका होइनन् । यो बाइबलमा सिकाइएको छ ।

त्यस्तो विश्वास परमेश्वरको वचन सुन्नाई द्वारा प्राप्त हुन्छ, जुन सिकाईन्छ अनि उपदेश दिइन्छ । यो असल समाचार ज-जसले येशूलाई चिन्दैनन् , तिनीहरुसँग बाँड्नु पर्दछ ।

उहाँ नै दयालु परमेश्वर हुनुहुन्छ , जसले धर्मी ठहऱ्याउन अनि क्षमा गर्नको लागि मानिसहरुलाई चुन्नुहुन्छ । हामी सबै अनुग्रह , सितैमा दिएको परमेश्वरको प्रेमद्धारा उद्धार गरिएका छौं । हाम्रो निम्ति परमेश्वरले उहाँको एकमात्र पुत्र येशूलाई पूर्ण सिद्ध जीवन जिउन पठाउनुभयो । परमेश्वरको पुत्र, येशूलाई हाम्रो पापको निम्ति दण्ड दिइयो, जब उहाँ हाम्रो निम्ति क्रूसमा मारिनुभयो । जे जति गर्नुभयो, त्यसको निम्ति परमेश्वरलाई धन्यवाद दिनुहोस् ।

**अध्याय चारका प्रश्नहरुका उत्तरहरु**

१. विश्वास, २. प्रतिज्ञा, ३. वचन, ४. काम, विश्वास, येशू ख्रीष्ट, ५. अनुग्रह, ६. आफैले उद्धार, ७. व्यवस्था, ८. सिद्ध, पाप, ९. विश्वास, १०, पवित्र बाइबल, ११. दया, प्रेम, १२. चुन्नु, १३. विश्वास, १४. सन्तान, १५. दया ।

## अध्याय चारको परीक्षा

१. आजकाल धेरै मानिसहरु छन् , जसले परमेश्वरको .................. विश्वास गर्दैनन् ।

२. रोमीहरुलाई पावलको पत्रभरि नै परमेश्वर हामीलाई शिक्षा दिनुहुन्छ, कि हामीले आफ्नो जीवनमा गरेको असल .................. ले होइन तर.................. माथिको .................. द्धारा उद्धार गरिएका छौ ।

३. आफुलाई .................. .................. गर्न खोजे, हामी.................. पराजित हुनेछौ ।

४. पवित्र आत्माले तपाईलाई विश्वासमा ल्याउनको निम्ति परमेश्वरको वचन........... ............... को गर्नुहुन्छ ।

५. येशूमा .................. राख्ने मानिसहरु हरेक समयमा हुन्छन्, जो उद्धार गरिएका छन् ।

६. परमेश्वर दया र प्रेममा उद्धार गरिने ती आफ्ना .................. को चयन गर्नुहन्छ ।

७. परमेवरको कठोरता हामीलाई स्मरण गराउछ कि हामी उहाँको ............
बाट परित्याग हुन सक्छौ ।

**यि प्रश्नहरुको उत्तर पेज नं. १३७ मा पाउन सक्नुहुन्छ ।**

*अध्याय पाँच*

# परमेश्वर इसाईहरुले उहाँको सेवा गरुन भन्ने चाहनु हुन्छ ।

## रोमी १२:१–१५:३३ पढनुहोस्

जसका पापहरु क्षमा गरिएका छन्, तिनीहरु सबैलाई परमेश्वरले आशिष दिनु भएको छ । परमेश्वरको प्रेम अनि दयाको प्रत्युत्तरमा अनि उहाँले हाम्रो लागि जे-जति गर्नुभयो त्यसको लागि हामी उहाँलाई धन्यवाद दिन्छौ ।

यस अध्यायमा हामी सिक्दछौं:

क. परमेश्वरको सेवा गर्नको निम्ति हामीले प्राप्त गरेको वरदान अनि क्षमताको प्रयोग गर्नुपर्दछ ।

ख. परमेश्वरले हामी भन्दा उच्च स्थानमा राख्नु भएकाहरुको हामीले आज्ञा पालन गर्नुपर्छ,
ग. विश्वासमा कमजोर हुनेहरुलाई सहयोग गर्नुपर्दछ, अनि
घ. हामीले अरुलाई शिक्षा दिनुपर्दछ अनि हाम्रो विश्वास तिनीहरुसँग बाँड्नु पर्दछ ।

**क परमेश्वरको सेवा गर्नको निम्ति हामीले प्राप्त गरेको वरदान अनि क्षमताको प्रयोग गर्नुपर्दछ ।**

अध्याय १२ मा प्रेरित पावल हाम्रो इसाई जीवनसँग सम्बन्ध राख्ने विषयमा हाम्रो ध्यान केन्द्रित गर्न चाहन्छन् । परमेश्वरले हामीमाथि दया गर्नु भएको छ । हामी अब हाम्रो उद्धारकर्ता येशू खीष्टमा विश्वास गर्ने भइसकेका छौं । परमेश्वरको कृपाको प्रत्युत्तरमा पावल हामीलाई "आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहण योग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर" भनी अनुरोध गर्दछन् । यसो गर्नाले परमेश्वर खुशी हुनुहुन्छ अनि अरु मानिसहरुले हामी परमेश्वरका सन्तान हौं भनी देख्दछन् । इसाईको हैसियतले हाम्रो सम्पूर्ण जीवन परमेश्वरको सेवामा नै समर्पित हुनेछ । पावल लेख्दछन् "यसकारण चाहे तिमीहरु खाओ, अथवा पिओ, वा तिमीहरु जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर" (१ कोरिन्थी १०:३१) । प्रेरित पावलले यस्तो पनि लेखेका छन्, "कुरा वा काममा जे-जे गर्छौ, सबै कुरा

उहाँद्वारा नै परमेश्वर पितालाई धन्यवाद चढाउँदै प्रभु येशूको नाउँमा गर" (कलस्सी ३:१७) । हामी इसाईहरु परमेश्वर नै नचिन्ने अरु मानिसहरु जस्तै गरी जिउँदैनौ । हामी जिउने अनि सोच्ने तरिका पूर्ण रुपले उत्तम कुराको लागि परिवर्तन हुनेछ । जब पावलले तीतस नामको मानिसलाई लेखे, त्यसमा भनेका छन् "किनकि सबै मानिसहरुका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ, जसले हामीलाई भक्तिहीनता र सांसारिक तृष्णाहरु त्याग्न र संसारमा संयमी, सोझो र भक्त भएर जीवन यापन गर्न तालीम दिन्छ र हाम्रो धन्यको आशा-हाम्रा महान परमेश्वर र मुक्तिदाता येशू खीष्टका महिमाको आगमनको हामी प्रतीक्षा गर्दछौं । खीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो, सुकर्ममा जोशिलो भएको आफ्नै निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो" (तीतस २:११-१४) । इसाई को रुपमा येशू खीष्टमा विश्वास गरेको ले हाम्रो जीवन अब बदलिएको छ । जुन सुकर्म हो हामी त्यही गर्न चाहन्छौं । जसले येशूलाई आफ्नो मुक्तिदाता हुनुहुन्छ भनेर विश्वास गर्दैन, ती मानिसहरु जस्तै हामीले यस संसारमा जिउनु छैन ।


प्रत्येक इसाईको वरदान र योग्यता बेग्ला-बेग्लै हुन्छ । परमेश्वरप्रतिको हाम्रो प्रेम देखाउन हामीले सँगै मिलेर काम गर्नु पर्छ । यो चाहिँ हाम्रो आफ्नो शरीर जस्तै हो । हाम्रो शरीरको प्रत्येक अंगले बेग्ला-बेग्लै काम गर्दछ । हामी हाम्रो आँखाले देख्दछौं । हामी कानले सुन्दछौं । हामी खुट्टाले

हिड्छौं । हामी हातले स्पर्श गर्छौं । तर हाम्रो आँखाहरु हिँडदैनन् । हाम्रा कानले स्पर्श गर्दैन । हाम्रो शरीरको प्रत्येक अंगले अर्कोसँग मिलेर काम गर्दछ, त्यसैले हामी खान, सुत्न, सुन्न अनि हिड्न सक्दछौं । हाम्रो शरीरका अंगहरु मिलेर काम गर्दछन् । त्यसैले हामी जिउन अनि हिँडडुल गर्न सक्दछौं । अरु इसाईहरुसँगको सम्बन्ध पनि ठीक त्यस्तै हो । हामी सबै एकै प्रकारका छैनौ । पावलले दर्शाएका छन् कि कोही पढाउन सक्षम छन्, अरुले अर्को पक्षलाई प्रोत्साहन दिन सक्दछ । कसैले मानिसहरुलाई अगुवाइ गर्न सक्छन्, अरु चाहिँ मानिसहरुलाई सहयोग गर्न रुचाउँदछन् । हामी इसाईहरु आपसमा मिलेर काम गर्नु पर्दछ, ताकि परमेश्वरको वचन अरु मानिसहरुसम्म पुगोस् र तिनीहरु पनि धर्मी ठहरिउन् ।

पदहरु ६ देखि ८ सम्म परमेश्वरले येशू खीष्टमा विश्वास गर्ने इसाईले कसरी परमेश्वरको सेवा गर्न सक्दछौं भन्ने केही अचम्मको उदाहरण दिनुभएको छ । यी पदहरुमा व्यक्त गरिएका दुई उदाहरणहरु यसो हेरौ ।

**क.** नम्रतापूर्वक हामीले इमान्दार भएर परमेशवरको वचनको शिक्षा दिनु पर्दछ । परमेश्वरको वचन हामी निरन्तर रुपले अध्ययन गर्न चाहन्छौं ताकि हामी कमजोर हुनु नपरोस्, बरु परमेश्वर माथिको विश्वास अझ दृढ हुन सकोस । अभिभावकको नाताले हामी हाम्रा नानीहरुलाई बाइबलको अर्थ सिकाउन चाहन्छौ ताकि तिनीहरुले येशूमा विश्वास गरुन इसाईको हैसियतले हामी अरु साथी-भाइहरु अनि छिमेकीहरुलाई सिकाउन चाहन्छौ कि हामीले स्वर्गमा अनन्त जीवन प्राप्त गर्न सकौं भनेर येशू हाम्रो लागि जिउनुभयो अनि मर्नुभयो तथा हामी सबैको लागि येशूले के-के गर्नुभयो भन्ने बारे शिक्षा दिन चाहन्छौ ।

**ख.** दुःख परेका तथा आवश्यक पर्नेलाई हामीले दया गर्नु पर्दछ । परमेश्वरले यस्तो कर्म उद्धार-चित्तले, गर्नै पर्छ भनेर होइन तर हामी गर्न चाहन्छौ भनेर गर्नको लागि आव्हवान गर्नु हुन्छ । हामी आफै पनि गरीब हुन सक्छौ, तर येशूले हामीलाई "तिमीहरुले यी मेरा भाइहरुमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरुले मलाई नै गर्‍यौ" (मत्ति २५: ३७-४०) । भन्नुभएको वचनको हेक्का राखेर हामीमा जे छ, त्यो स्वेच्छाले बाँडन सक्दछौं ।



येशू साना बालबालिकाहरुलाई आशिष दिनुहुन्छ ।

पदहरु ९ देखि १२ सम्म परमेश्वर हामीलाई स्मरण गराउनु हुन्छ कि हामीले एका-अर्कालाई प्रेम गर्नुपर्छ । परमेश्वरले हामीलाई विभिन्न तरिकाले प्रेम गर्नुभएको छ । उहाँले हामीलाई धर्मी ठहऱ्याउनु भएको छ, हाम्रा सबै पापहरुबाट हामीलाई क्षमा गर्नुभएको छ । उहाँले हामीलाई स्वर्गमा हाम्रो अनन्त जीवनको आशिष दिनु भएको छ । यस संसारमा हामीलाई हाम्रो जीवनमा परिवार अनि साथी भई दिनु भएको छ । उहाँले हामीलाई खानेकुरा, वासस्थान जस्ता अरु धेरै सांसारिक आशिषहरु पनि दिनुभएको छ ।

परमेश्वर अब हामीलाई संक्षिप्त वाक्यहरुमा हामी कस्तो हुनुपर्दछ र कस्तो हुनु हुँदैन भन्ने सम्बन्धमा सम्झाउनु हुन्छ । इसाईको हैसियतले हामीले के गर्नु हुन्छ अनि के गर्नु हुँदैन भन्ने बारे उहाँ हामीलाई बताउनु हुन्छ । परमेश्वर के भन्नुहुन्छ, सुन्नुहोस् । हाम्रो “प्रेम निष्कपट होस ।” हामीले दुष्टयाईलाई घृणा गर्नुपर्दछ, अनि जे असल छ त्यो धारण गरिरहनुपर्दछ ।

**क.** जब हामी आशा गर्दछौं हामी आनन्दित हुने गर्दछौं । यस संसारमा हामी धेरै कुराको आशा गर्दछौ, अनि ती कहिले पनि नपाईन सक्छन् । इसाईहरुको आशा स्वर्गमा अनन्त जीवनको हो । हामी यसमा आनन्दित हुन सक्छौं ।

**ख.** जब हामी दु:खमा पर्छौं, हामीले धैर्य धारण गर्नु पर्दछ । यस संसारमा रहेका प्रत्येकको जीवनमा दु:ख र समस्याहरु हुन्छन् नै किनभने हामी पापी छौं । हामी परमेश्वरलाई हाम्रो दु:ख हटाई दिन अनुरोध गर्दछौ । तर कहिले कहीं यस्तो लाग्दछ कि उहाँले हाम्रो प्रार्थनाको जवाफ नै दिनुहुन्न । हामीले धैर्य धारण गर्नु पर्दछ । किनभने, "हामी जान्दछौ, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्राय अनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहन्छ" (रोमी ८:२८) ।

**ग.** जब हामी प्रार्थना गर्दछौं, हामी विश्वास योग्य हुनुपर्छ । यसको अर्थ हामी विश्वासले पूर्ण हुनुपर्छ, परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहन्छ अनि जवाफ दिनुहुन्छ भनेर निश्चित हुनुपर्छ । कहिले काहीं उहाँले सकरात्मक जवाफ दिनुहुन्छ । तर कहिलेकाँही उहाँले नकारात्मक जवाफ फर्काउनु हुन्छ । अनि कहिलेकाँही त प्रतिक्षा गर भन्नुहुन्छ । तर हामी परमेश्वरमा विश्वास गरेर अनि उहाँले हाम्रो निम्ति सर्वोत्तम के हुन सक्छ भन्ने उचित ठहर गर्नुहुन्छ भनेर नै उहाँलाई प्रार्थना गर्दछौं ।

**घ.** हामीले परमेश्वरका मानिसहरुसँग हाम्रो आशिष बाँडनुपर्दछ अनि अरु मानिसहरुलाई घरमा स्वागत गर्नु पर्दछ । पावल हामीलाई सम्झाउँछन्, "यसकारण हामी सबै मानिसको भलाई गर्दैजाऔं, विशेष गरी तिनीहरुको, जो हाम्रो विश्वासका परिवारका हुन्" (गलाती ६:१०) ।

यस अध्यायको अघिल्ला पदहरुमा परमेश्वरले हामीलाई हाम्रा विश्वासी सङ्गीहरुलाई सहयोग पुऱ्याएर उहाँको सेवा गर्नको लागि भन्नुभयो । अब यसै अध्यायको बाँकी पदहरुमा परमेश्वरमा विश्वास नगर्नेहरुसँग हामी बस्दा खेरि उहाँको सेवा कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा उहाँ हामीलाई सम्झाउनुहुन्छ ।

**(क)** हाम्रो खेदो गर्नेहरुलाई नसराप्नु तर आशिष दिनु भनिएको छ । यो विशेष गरेर हामीलाई चोट पुऱ्याउनेहरुको बारेमा लागू हुन्छ किनकि हामी इसाई हौं । शैतानले हामीलाई पापमा फस्न अनि येशूबाट टाढा पार्न हरेक उपायहरु प्रयोग गर्दछ । शैतानले विश्वास नगर्नेहरुलाई हाम्रो खिल्ली उडाउन, तिरस्कार गर्न अनि साथै हामीलाई चोट पुऱ्याउन समेत प्रयोग गर्दछ । हामीले तिनीहरुलाई श्राप दिनु हुन्न अनि परमेश्वरको आज्ञा विरुद्ध पाप गर्नु हुन्न । बरु, तिनीहरुलाई आशिष दिनुपर्छ । यसो गर्न प्रशस्त साहस चाहिन्छ । तर आवश्यक परेमा परमेश्वरले सहयोग गर्नुहुन्छ भन्ने हामीलाई थाहा छ ।

**(ख)** हामीलाई आनन्द गर्नेहरुसँग आनन्द नै गर्नु भनिएको छ । जब दुईजनाको विवाह हुन्छ वा बच्चा जन्मन्छ, ती दिनहरु आनन्दायक हुन्छन् । हामी त्यस्ता मानिसहरु अनि परिवारसँग रमाउन सक्दछौ । अनि मानिसहरु दुखी भएका दिनहरु पनि हुन्छन् । जसले, छाडेर गएको वा मृत्यु भएको कारणले आफ्नो प्रियजन गुमाएको छ त्यस्तासँग हामी सँगै दु :ख

मनाउन सक्नेछौं । इसाई भएको नाताले हामी तिनीहरुलाई परमेश्वरको वचनद्वारा सान्त्वना दिन चाहन्छौं ।

**(ग)** हामीलाई नम्र हुन तर घमण्डी नहुन भनिएको छ "जसलाई खासै महत्व दिइएको हुन्न" यिनीहरुलाई अभिवादन गर्न, बोलचाल गर्न अनि सहयोग गर्न हामी इच्छुक हुनुपर्दछ । सबभन्दा महत्वपूर्ण त, हामी शान्तिसँग जिउनु पर्छ अनि अरुहरुमाथि दुष्ट कर्म गर्नुहुन्न । दुष्टलाई दण्ड दिने काम परमेश्वर स्वयमं गर्नुहुन्छ । परमेश्वर भन्नुहुन्छ "बदला लिने काम मेरो हो । म नै बदला लिनेछु ।" हामी शान्तिसँग बाँच्नु पर्छ अनि असल काम मात्र गर्नुपर्छ ।

**(घ)** शत्रुलाई पनि हामीले प्रेम गर्नुपर्छ । हामीले भोकाएका भए तिनीहरुलाई खुवाउनु पर्छ, तिर्खाएको भए पिउन दिनुपर्छ । परमेश्वर भन्नुहन्छ, "त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ ।" यसको अर्थ यो हो कि तपाईले तपाईको शत्रुकै निम्ति गरेको भएता पनि तिनीहरुको कान रातो हुनेछ । तपाईले यसो गर्नुभएकोमा तिनीहरु जिल्ल पर्नेछन् ।

परमेश्वरले हामी इसाईहरुलाई धेरै कुराहरु गर्नको लागि अह्राउनुहुन्छ । हामी विश्वास नगर्नेहरु जस्तो गरी जिउनु हुन्न । हामीले खराबीलाई भलाईले जितेर आफ्नो जीवनमा परिवर्तन ल्याउनु छ । परमेश्वरको प्रार्थना गर्नुहोस् ताकि तपाई इसाई भएकाले तपाईको सबै पाप क्षमा गर्नुहुने परमेश्वरको सहयोग द्वारा तपाई परिवर्तित जीवन जिउन सक्नुहोस् । यो अध्यायको पहिलो पदमा हामीले पढ्यौ कि

"तिमीहरुको आत्मिक आराधनाको रुपमा आ-आफ्नो शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर ।"

१. परमेश्वरले हामीलाई उहाँको .............................. देखाउनु हुन्छ ।

२. हामी इसाईहरुको सम्पूर्ण जीवन परमेश्वरका ..................... मा समर्पण हुनेछ ।

३. येशूमाथिको विश्वासले गर्दा हामी इसाईहरुको जीवन अब ........................ छ ।

४. प्रत्येक इसाईको बेग्ला बेग्लै .............................. अनि ....................... हुन्छ ।

५. नम्रतापूर्वक हामीले परमेश्वरको वचन इमान्दार भएर .............................. पर्छ ।

६. हामीले ............................. परेकाहरुलाई दया देखाउनुपर्छ ।

७. हामीले जे ................ हो त्यसलाई घृणा गर्नुपर्छ तर जे .......... छ, त्यो धारण गर्नुपर्छ ।

८. इसाईहरुलाई स्वर्गमा ............... ................ छ भन्ने आशा छ ।

९. हामीले सराप्ने होइन तर अरुलाई ........................... दिनुपर्छ ।

१०. हामीले हाम्रो ......................... लाई समेत प्रेम गर्नुपर्छ ।

यी प्रश्नहरुका उत्तरहरु पृष्ठ ११९ मा हेर्नुहोला ।

**ख. परमेश्वरले हामी भन्दा उच्च स्थानमा राख्नु भएकाहरुको हामीले आज्ञा पालन गर्नुपर्छ ।**

पवित्र आत्मा ईश्वरत्वमा मानिस नै हुनुहुन्छ जसले बाइबलका धेरै ग्रन्थकारहरुलाई तिनीहरुले के लेख्नु पर्छ भन्ने बारे उत्साहित गर्नु हुन्छ । रोमीको अध्याय १३ मा पावलले हामीले कसरी हामी भन्दा उच्च ओहदामा रहेकाको आज्ञा पालन गर्नुपर्छ, सम्मान गर्नुपर्छ अनि आदर गर्नुपर्छ भन्ने बारे उल्लेख गरेका छन् ।

चौथो आज्ञाले “आफ्ना बाबु र आमालाई आदर गर” भनेअनुसार हामीले आमा-बाबुको आज्ञा मान्नुपर्छ अनि

उहाँहरुलाई सम्मान पनि गर्नुपर्दछ भन्ने अर्थ समेत समावेश हुन्छ । यसले हामी भन्दा हाम्रो जीवनमा माथिल्लो स्तरमा भएका सबै मानिसहरुलाई - हाम्रा शिक्षकहरु, प्रहरी, अनि अरुहरु समेतलाई समावेश गर्दछ । पावलले यस अध्यायमा हामीभन्दा माथिल्लो तहमा भएका हाम्रो सरकारका प्रशासकहरुलाई विशेष प्रकारले सम्मान गर्न अनि - पालन गर्न भन्दछन् । सरकार विभिन्न प्रकारका हुन्छन् । यी तानाशाही वा प्रजातन्त्रिक हुन्छन् । शासक पनि असल र खराब खालका हुन्छन् । यसमा राष्ट्रपति वा राजा हुन्छन्, तथा प्रधानमन्त्री हुन्छन् । यिनीहरु अनि सबै प्रशासकहरु "परमेश्वरबाटै नियुक्त भएका हुन्छन् ।" पद एकमा पावल लेख्दछन्, "हरेक व्यक्ति शासन गर्ने प्रशासकहरुका अधिनमा बसोस् । परमेश्वरबाट भएको अधिकार बाहेक अरु कुनै अधिकार हुदैंन ।" जब प्रेरित पावलले यी वाक्यहरु व्यक्त गरिरहेका थिए, त्यसबेला रोम एक दुष्ट शासक द्वारा शासित थियो । उसको नाम निरो थियो । उसले इसाईहरुको हत्या गऱ्यो । उसले रोम शहर जलाएर नष्ट गऱ्यो । र पनि, मानिसहरुलाई उनीहरुमाथि शासन गर्नेलाई आदर गर्नलाई भनिन्छ ।


हामीले जे उचित छ - त्यो गर्दा सरकारको नियम पालन गरेको अनि अनुचित काम गर्दा अवज्ञा गरेको बीचमा रहेको भिन्नता बारे पावलले व्याख्या गरेका छन् ।

हामीले गैर-कानूनी काम गऱ्यौं भने हामीलाई सरकारले के गर्ला भनी हामी डराउँछौं । "के तिमी प्रशासकको डरमा रहन चाहँदैनौं ?" तब, त्यसपछि हामीलाई "सतर्क बस" भनिएको छ । ती प्रशासकहरुले "परमेश्वरको सेवा गर्छन ।" परमेश्वरले आफ्नो रीस "तरवार" प्रयोग गरेर पनि पोख्नु हुन्छ । यो सबैले हामीलाई सम्झाउदै छ कि हामीले यदि सरकारको नियम मानेनौ भने तिर्नु पर्ने कर तिरेनौ भने कसैलाई चोट पुऱ्यायौं भने, कसैको चोरी गऱ्यौं भने अदालतको शक्ति परमेश्वरबाट आउँछ जसले हामीलाई जरिवाना तिर्न, जेल हाल्न, अनि आवश्यक परेमा दुष्ट व्यक्तिलाई मार्नको निम्ति तरवारको प्रयोग गर्न समेत सक्दछ ।

अर्को तर्फ, हामीलाई स्मरण गराईन्छ कि, "किनभने सुकर्मको निम्ति होइन तर कुकर्मको निम्ति शासकहरुको डर मानिन्छ ।" जब हामी देशको कानूनको पालन गर्दछौ तब, "तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ ।" प्रशासक तपाईको सेवक हुन् । "तब तपाईलाई दण्ड दिइने छैन । यसैकारणले पनि हामी कर तिर्दछौ ।" आफू भन्दा माथिकाहरु, चाहे उहाँहरु आमा-बाबु हुन्, शिक्षकहरु हुन्, सुरक्षाकर्मी हुन् वा देशका प्रशासकलाई आदर र सम्मान गर्नुहोस् । तब त परमेश्वरले आशिष दिनुहुन्छ ।

चौथो आज्ञामा हामी सिक्दछौं कि “आफ्ना आमा-बाबुको आदर गर्नाले तपाईको भलाई हुन्छ, अनि तपाई यस संसारमा लामो समयसम्म बाँच्नुहुन्छ ।” हाम्रा आमा-बुवाले हामीलाई माया गर्नुहुन्छ, अनि आफ्नो क्षमताले भ्याएसम्म हाम्रो लागि खानेकुरा, लुगाफाटा र बसोबासको व्यवस्था गर्नुहुन्छ । मण्डलीका धर्मगुरुहरुले पनि हामीलाई आशिष उपलब्ध गराउँछन् । उनीहरुले हाम्रो आत्माको वास्ता गर्छन अनि परमेश्वरसँग हामीलाई एक हुन अनि स्वर्गमा अनन्त जीवन प्राप्त होस भन्ने हामीलाई चाहन्छन् । सरकार भनेको हाम्रो भूमिमा उचित व्यवस्था मिलाउनको लागि परमेश्वरको हात हो, जसले हामीलाई शान्ति र सुरक्षाको आशिष दिँदैछ । जबसम्म तिनीहरुले परमेश्वरको इच्छा विरुद्धमा केही कार्य गर्दैनन् तबसम्म तपाईमाथि शासक गर्नेलाई मान्ने गर्नुहोस् अनि तपाईलाई दण्ड दिइने छैन ।

येशूले हामीलाई आफ्ना आमा-बाबुलाई माया गर्न सिकाउनु हुन्छ । येशू बाह्र वर्षको छँदा, उहाँलाई मरियम र योसेफले जब मन्दिरमा भेटे, बाइबल भन्दछ, “तब उहाँ तिनीहरुसँग नासरत जानुभयो, र तिनीहरुका आज्ञाकारी भई बस्नुभयो



येशूले मरियम र योसेफको आज्ञापालन गर्नुभयो ।

(लूका २:४१-५१) । येशू क्रूसमा मारिनु अघि उहाँले प्रेरित पावललाई येशूको आमाको हेरचाह गर्नु भनि अह्राउनुभयो । यस प्रकारले येशूले आफ्नो आमाको फिक्री गर्नुभयो (यूहन्ना १९:२६,२७) । येशूले फरिसीहरु, उहाँका शत्रुहरुलाई यसो भनेर सरकारको आदर गर्नुभयो “यसकारण जे कैसरका हुन्, ती कैसरलाई देओ र जे परमेश्वरका हुन् ती परमेश्वरलाई देओ (मत्ती २२:१५-२२)

जब येशूले जे कैसरको हो त्यो कैसरलाई देओ भन्दै हुनुहुन्थ्यो तब उहाँले सरकारलाई कर तिर्ने कुरा गर्दै हुनुहुन्थ्यो । त्यसै सम्बन्धमा पावल भन्न चाहिरहेका छन्, जब तिनी भन्दछन् “तिमीहरुले पनि प्रशासकहरुको अधिनमा बस्नुपर्छ किनकि यो उचित हो भन्ने तिमीलाई थाहा छ । त्यसैकारण तिमी कर तिर्दैछौ । अधिकारले हामी भन्दा माथि रहेकाहरुको हामी कर तिरेर मात्रै होइन, तर उनीहरुलाई आदर, प्रेम गरेर सम्मान गर्दछौं । प्रेरित पावल, हामीले सबै मानिसहरुलाई प्रेम गर्नुपर्दछ भन्ने कुरालाई लिएर अझ बढी बोल्दछन् । हाम्रो लागि येशू ख्रीष्टको प्रेम नै हो जसले इसाईहरुलाई जीवनमा आफू भन्दा माथिकालाई सम्मान गर्न र मान्न प्रेरित गर्दछ ।

पद ८ मा पावल भन्दछन् "आपसमा प्रेम गर्नु बाहेक कसैको केही कुरामा ऋणी नहोओ । केही आज्ञाहरु हामी पूर्णरुपले पालन गर्दैनौ भन्ने बारे उनी संकेत गर्दछन् ।

यदि तपाईले अर्को व्यक्तिलाई लोभी आँखाले हेर्नुभयो भने तपाईले व्यभिचार गर्नुभएको ठहर्छ । तपाईले कसैलाई घृणा गर्नुभयो भने तपाईले हत्या गरे सरह नै हुन्छ । यदि तपाईले पराइको माल-सामानमा लालसा राख्नु भयो भने तपाईले दुष्ट कर्म गरेको ठहर्छ । यो प्रेम गरेको होइन । येशूले सबै आज्ञाहरुको पालन गर्नु भन्नुभयो कि हामीले हाम्रो पूर्ण हृदयले, आत्माले अनि मनले प्रभु हाम्रा परमेश्वरलाई प्रेम गर्नु पर्दछ अनि आफूलाई जस्तै गरी आफ्ना छिमेकीलाई पनि प्रेम गर्नुपर्छ । प्रेमले नै व्यवस्था पूरा गरेको हुन्छ वा प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो ।

हामीले बुझ्नु पर्दछ कि हामीले छिमेकीलाई गरेको प्रेम, वास्तवमा परमेश्वरले हामीलाई गर्नु भएको प्रेमको प्रत्युत्तर मात्रै हो । परमेश्वरले प्रेमले गर्दा नै आफ्ना एक मात्र पुत्रलाई हाम्रो मुक्तिदाता हुन पठाउनुभयो । प्रेमकै कारणले परमेश्वरले हामीलाई धर्मी ठहऱ्याउनु भएको छ । प्रेमले नै परमेश्वरले स्वर्गमा उहाँसँग हाम्रो अनन्त जीवनको प्रतिज्ञा गर्नु भएको छ । यो रोमीहरुलाई लेखेको पत्रमा घरी-घरी दर्शाइएको छ कि हामी व्यवस्था पालन गर्नाले उद्धार गरिएका होइनौ । हामी येशूद्वारा परमेश्वरको अनुग्रहबाट मात्र धर्मी

ठहरिएका हौं । अहिले हामीलाई भनिएको छ कि "हामीले पहिले विश्वास गरेको बेलामा भन्दा हाम्रो पूर्ण मुक्ति अब नजिक आइसकेको छ ।" प्रत्येक दिनले हामीलाई हाम्रो मृत्युको दिनको नजिकमा पुऱ्याउँदैछ अर्थात संसारको मानिसहरुको इन्साफ गर्नको निम्ति येशूको आगमनको नजिक पुऱ्याउँछ ।

तसर्थ हामीलाई परमेश्वरको प्रेमको ज्योतिमा बस्न अनि अविश्वासको अन्धकारमा नबस्न उत्साहित गरिन्छ । परमेश्वरको वचनले हामीलाई "मोजमजामा" वा "मतवालीपनामा, वा व्यभिचारमा," वा भ्रष्टाचारमा ",वा झगडामा "र एक अर्कासँग डाहामा तथा यस्तै खाले दुष्ट कर्ममा जीवन व्यतित नगर्न चेताउनी दिनुहुन्छ ।

बदलामा हामीले "प्रभु येशू ख्रीष्टलाई हाम्रो बस्त्रको रुपमा प्रयोग गरेका छौँ । एफिसी शहरमा बस्ने इसाईहरुलाई उनको पत्रमा पावल लेख्दछन् " येशू ख्रीष्टको विश्वासद्धारा तिमीहरु सबै परमेश्वरका सन्तान हौ । ख्रीष्टमा बप्तिस्मा लिएका तिमीहरु सबैले येशूलाई, उहा वस्त्र हुनु भएझै प्रयोग गरेका छौं (एफिसी ३,२६,२७.....) । ख्रीष्टलाई वस्त्रको रुपमा धारण गर्नु भनेको हामीले येशूलाई परमेश्वरद्धारा दिइएको विश्वासमा स्वीकार गरेको अनि येशूले हाम्रो निम्ति क्रूसमा गर्नुभएको त्यागले हामी धर्मी ठहरिएका छौं । यो विश्वासले

हामीलाई अविश्वासको अन्धकारमा होइन, तर परमेश्वरको प्रेमको ज्योतिमा नयाँ इसाई जीवन जिउन सम्भव तुल्याउँछ ।

११. हामीले हाम्रो जीवनमा हामी भन्दा उच्च स्तरमा रहेकाहरु प्रति कसरी ........,...........र....... मान्नुपर्छ भन्ने सम्बन्धमा पावलले आफ्नो भनाई व्यक्त गरेका छन् ।

१२. हामीले .......... गरेको खण्डमा सरकारले हामीलाई के गर्ने होला भनेर हामी डराउँछौ ।

१३. यदि तपाईले उचित काम गर्नुभयो भने, तपाई प्रशासकसगँ ......... पर्दैन ।

१४. यो ......... कै हामीप्रतिको प्रेम हो, जसले गर्दा हामी इसाईहरुलाई आफु भन्दा माथिकाहरुको ........ र ........ गर्न प्रेरित गर्दछ ।

१५. हामीलाई येशूद्धारा परमेश्वरको .......... ले मात्र धर्मी ठहऱ्याएको छ ।

१६. हामीलाई ........ को अन्धकारमा होइन, तर परमेश्वरको ....... मा जिउन उत्प्रेरित गरिएको छ ।

यी प्रश्नहरुको उत्तर पृष्ठ ११९ उपलब्ध छन् ।

**ग विश्वासमा कमजोर हुने मानिसलाई हामीले सहयोग गर्नुपर्छ ।**

अध्याय १४ मा अब प्रेरित पावल विश्वासमा कमजोर हुने मानिसहरुलाई इसाईहरुले कसरी सहयोग गर्नुपर्छ भन्ने बारे बताउँछन् । उनी फेरि पनि एकपल्ट यहूदीहरु र गैर यहूदीहरुको सन्दर्भमा उल्लेख गर्दछन् ।

पुरानो करारको समयमा परमेश्वरले यहूदीहरुलाई कुन खानेकुरा खानहुन्छ र कुन खानु हुँदैन भन्ने बारे निश्चित नियम पालन गर्नको लागि निर्देशन दिनुभयो । उदाहरणको लागि, तिनीहरुलाई सुँगुरको मासु र केही अरु पनि खाने अनुमति थिएन् ( लेवी ७,२२,२३ अनि लेवी ११,१-२४) । पुरानो करारका यहूदीहरुले प्रभुलाई निश्चित प्रकारको बलि चढाउनु पर्दथ्यो, जस्तै होमबलि, अन्नबलि अनि पशु बलि ( लेवी १:१-३,२:१,४:१-५) । साथै, पुरानो करारमा यहूदीहरुले निश्चित प्रकारका चाडहरु मनाउनु पर्दथ्यो । त्यस प्रकारका चाडहरु मध्ये निस्तार र अखमिरी रोटीको चाड , छाप्रो-वासको चाड अनि अगौटे फल तथा पेन्तिकोस, साताहरुको चाड प्रमुख थिए (लेवी २३:१-४४) । तर जब येशू हाम्रो मुक्तिदाता भएर आउनुभयो, उहाँले नै पुरानो करारका व्यवस्था पालन गर्नुभयो । त्यसैले, हामीले यो पालन गर्नु पर्दैन, जो नयाँ करारमा छौं । कलस्सीको अध्याय २ को पद १६ र १७ ले नयाँ करारका इसाईरुलाई भन्दछ, “यसकारण


खान र पिउनमा वा पर्वको दिन, वा औंशी वा शबाथ -दिन मान्ने विषयमा कुनै मानिसले तिमीहरुलाई दोष नदिओस । यी चाहिँ आउने कुराका छाया मात्र हुन । तर वास्तविकता चाहिँ ख्रीष्टमा हुन्छ । ”

परमेश्वरले हामीलाई पापको क्षमा गर्ने वास्तविक तरिका पुरानो करारका व्यवस्था  थिएनन् । येशू ख्रीष्टले हाम्रो निम्ति पुरानो करारका व्यवस्था पालन गर्नुभएकोले अनि सबै मानिसहरुको पापको निम्ति क्रूसमा मर्नु भएको कारणले हामी धर्मी ठहरिएका छौं अनि क्षमा गरिएका छौं ।

पावलको समयमा येशूमा विश्वास गर्ने केही यहूदीहरुले केही निश्चित पवित्र दिनहरु चाडको रुपमा निरन्तर पालन गर्दै रहे किनभने तिनीहरुले खानेकुरा अनि चाडहरु सम्बन्धि पुरानो करारको धेरै नियमहरु पालन गर्दथे र कुनै खानेकुरा नखाँदा तिनीहरुलाई समस्या भएको थियो । पावल हामीलाई सम्झाउँछन् कि खानको निम्ति सबै खानेकुराहरु असल नै हुन्छ र जसले सबै प्रकारको खानेकुरा खान चाहँदैन त्यस्तालाई दोष लगाउनुहुदैन बरु, कुनै निश्चित खानेकुराको बारेमा सत्य कुरा बुझ्नलाई तिनीहरुलाई सहायता गर्नु पर्छ । भिन्नै किसिमका भए भन्दैमा तिनीहरुलाई दोष दिनु चाहिँ हुन्न ।

यो कुरा हाम्रो जीवनमा सत्य सावित भएको छ । केही मानिसहरु अरु भन्दा भिन्न स्वभावका हुन्छन् । केही मानिसहरुको हाम्रो भन्दा भिन्न भिन्नै खालको रीति-थिति हुन्छ ।हामीले तिनीहरुको निन्दा गर्नु हुदैन, हामीले तिनीहरुलाई परमेश्वरको वचनले के सिकाउँछ भन्ने सम्बन्धमा बताइदिनुपर्छ ।

अब रोमीको अध्याय १५ मा हामीलाई सम्झाइएको छ कि विश्वासमा कमजोर हुने मानिसलाई हामीले मद्दत गर्नुपर्छ । हामीले "तिनीहरुको निम्ति के असल छ त्यो गर्नुपर्छ ।" हामी तिनीहरुलाई सुधार गरौं । "मानिसहरुले येशूको निन्दा गरे, र हामीले विश्वासमा कमजोर हुने मानिसहरुकको निन्दा गर्नुहुदैन । जो गैर यहूदी हुन् तिनीहरुले यहूदीलाई येशूको दृढ विश्वासी बन्न सहायता गर्नुपर्छ । "हाम्रो परमेश्वर यस्तो परमेश्वर हुनुहुन्छ जसले तिमीलाई विश्वासमा दह्रिलो बनाउनु हुन्छ अनि खुशी पार्नुहुन्छ । तिमीले येशू ख्रीष्टको अनुशरण गरेमा एक आपसमा सहमत हुन तिमीलाई उहाँले सहायता गर्नुहोस् ।"



पावल नया! बिश्वासीहरुसित कुरा गर्दछन् ।

पावलले परमेश्वर यहूदी र गैर यहूदी दुवैको परमेश्वर हुनुहुन्छ भनेर हामीलाई विश्वस्त पार्नलाई चारवटा पुरानो करारका कथनहरु प्रयोग गर्दछन् । यशैया भन्दछन्, "यिशैको वंशबाट एक जना आउनुहुनेछ उहाँले अन्यजातिहरु माथि शासन गर्नुहुनेछ, उहाँमाथि अन्यजातिहरुले आशा राख्नेछन् ।"

१७. पुरानो करारको समयमा परमेश्वरले यहूदीहरुलाई निश्चित ....... पालन गर्न आज्ञा दिनुभयो ।
१८. परमेश्वरले हामीलाई ........ को ........ गर्ने उचित तरिका पुरानो करारका व्यवस्था उपयुक्त थिएनन् ।
१९. मानिसहरुले येशूको निन्दा गरे, तर हामीले ....... मा कमजोर हुने मानिसहरुको .............. नगरुँ ।


यी प्रश्नहरुका उत्तरहरु पृष्ठ. ११९ मा हेर्नुहोस् ।

## घ. हामीले अरुलाई सिकाउनु पर्छ अनि हाम्रो विश्वास अरुसँग बाँड्नु पर्छ ।

अध्याय १५को पद १४ देखि २२ सम्ममा पावल हामीलाई फेरि एकपल्ट स्मरण गराउँदछन् कि उनी यहूदी हुन् जो येशू

ख्रीष्टमाथि विश्वासमा आएका हुन् । उनी सन्देश प्रवाह गर्न चाहन्छन् कि जो यहूदी होइनन् तिनीहरु पनि परमेश्वरद्धारा चुनिएका छन् अनि धर्मी ठहऱ्याइएका छन् । तिनीहरुको पाप पनि क्षमा गरिएको छ । तिनीहरु परमेश्वरका सन्तान हुन् । पावलले अरुलाई शिक्षा दिए अनि परमेश्वरको वचनको उपदेश दिएर येशूमा भएको उनको विश्वास बाँडे । उनको उपदेश येशूले पापीहरुको निम्ति के सम्म  गर्नुभयो भन्ने विषयमा केन्द्रित थियो । “ख्रीष्टले म द्धारा जे गर्नुभएको छ , ती बाहेक कुनै विषयमा बोल्ने आँट म गर्दिन । ”

प्रेरित पावलले परमेश्वरको वचन उनको समयमा रोम राज्य भरिका मानिसहरुसँग बाँडे । उनले हिजो आज टर्की राज्य भनिने देश, ग्रीस देश, अनि माकेडोनिया देशहरुमा सुसमाचार प्रचार गरे अनि भन्दछन्, “यसरी मैले यरुशलेम शहर देखि लिएर इल्लुरिकन सम्मै चारैतिर ख्रीष्टको सुसमाचार सम्पूर्ण रुपले प्रचार गरेको छु , अरु मानिसले बसालेको जगमाथि घर नबनाउ भनेर ख्रीष्टको नाउँ नलिएको ठाउँमा सुसमाचार प्रचार गर्ने उत्कट इच्छा मैले राखेको छु । ”



आन्द्रियास र फिलीपले येशूको बारेमा सिके ।

जसरी पावलले ख्रीष्टको नाउँ नलिएको ठाउँमा सुसमाचार प्रचार गर्न उत्कट इच्छा राखी । हामी इसाईहरुले पनि त्यसै गर्न चाहनु पर्छ । हाम्रा साथीहरु मध्ये येशूको बारेमा नजान्ने धेरै नै होलान् । हाम्रो देशमा धेरै मानिसहरु छन् जसले झूटा देवी-देवताको पूजा गर्दछन् । संसारका अरु देशहरुमा यस्ता धेरै मानिसहरु छन्, जो येशूको ज्योति अनि उहाँका वचनको सट्टामा आत्मिक अन्धकारमा बस्दछन् ।

येशूले तिनीहरुको लागि क्रूसमा गर्नुभएको त्यागले गर्दा सबै मानिसहरुलाई धर्मी ठहऱ्याइएको छ, क्षमा गरिएको छ भन्ने असल समाचार प्रचार गर्न हामी के गर्न सक्दछौं ? हामी प्रार्थना गर्न सक्दछौ । धेरै मानिसहरुलाई परमेश्वरको वचन सिकाइएको होस्  भनेर प्रार्थना गर्नुहोस् ताकि येशू ख्रीष्ट माथिको विश्वासले गर्दा तिनीहरुको मुक्ति भएको छ भन्ने सत्यताको ज्ञान प्राप्त गर्न सकून । येशूले हाम्रो सांसारिक जीवनमा अनि स्वर्गमा अनन्त जीवनको लागि सहायता गर्नु हुन्छ भन्ने हाम्रो हृदयमा रहेको आशा र आनन्द हाम्रा वरिपरिका अरु मानिसहरुसँग हामी बाँड्न सक्दछौं । जसले हामीलाई परमेश्वरको वचन सिकाउनु हुन्छ अनि उपदेश दिनु हुन्छ, हामी उनीहरुलाई सम्मान र समर्थन गर्दछौं । परमेश्वरले हामीलाई आशिष दिए अनुरुप नै हामी हाम्रो भेटी चढाउन सक्दछौं, ताकि धेरै पुरुषहरु, महिलाहरु र बालबालिकाहरुलाई हाम्रो मुक्तिको निश्चियताको सन्देश दिन

अन्य शहरहरु, देशहरुमा शिक्षकहरु अनि प्रचारकहरु पठाउन सकियोस् । वास्तवमा हामी व्यक्तिगत प्रकारले र सामूहिक रुपमा येशू ख्रीष्ट हाम्रो मुक्तिदाताको बारेमा अरुलाई भन्ने तथा सन्देश दिने सवालमा धेरै नै गर्न सक्दछौ । येशूले हामीलाई यसो भनेर बाहिर संसारमा पठाउनु भएको छ, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिईएको छ । यसकारण जाओ , र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ । मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु" (मत्ती २८: १८-२०) ।

२०. पावलले ............. को ............... बारेमा उपदेश दिएर अरुलाई शिक्षा प्रदान गदर्छन अनि देश माथिको विश्वास प्रचार गर्दछन् ।

२१. येशूले तिनीहरुका निम्ति गरेको त्यागको कारणले सबै मानिसहरु धर्मी ठहरिएका छन् अनि क्षमा गरिएका छन् भन्ने सुसमाचार हामी कुन-कुन चार तरिकाले प्रचार गर्न सक्दछौं उल्लेख गर्नुहोस् ............

क. ........................................................
........................................................
........................................................

ख .........................................................................

.........................................................................

.........................................................................

ग .........................................................................

.........................................................................

.........................................................................

घ .........................................................................

.........................................................................

.........................................................................

यी प्रश्नहरुका उत्तरहरु पृष्ठ ११९ मा हेर्नुहोला ।

## अध्याय पाँचको पूनरावलोकन

रोमीहरुलाई पावलको पत्रको शुरुका अध्यायहरुमा येशू ख्रीष्ट माथिको विश्वासले हामी धर्मी ठहरिएका छौ भनी उनी लेख्दछन् । हामी हाम्रो असल कामले होइन, तर परमेश्वरको अनुग्रहद्वारा, उहाँले हामीलाई चुन्नुहुन्छ अनि हाम्रा पापहरु क्षमा गरिएर हामी धर्मी ठहरिएका छौं भनी घोषणा गर्नुहुन्छ । अब उनको अन्तिम अध्यायहरुमा, विश्वासीहरुले आफ्नो इसाई जीवन कसरी जिउनु पर्दछ भन्ने बारे उल्लेख गर्दछन् । यसलाई चार प्रकारले गर्न सक्नेछौं भनी हामीले अध्ययन गऱ्यौं ।

पहिलो तरिका: अनुसार परमेश्वरको सेवा गर्न हामीले हाम्रो वरदान अनि क्षमतालाई प्रयोग गर्नुपर्दछ । परमेश्वरले प्रत्येक

व्यक्तिलाई भिन्न भिन्नै वरदान अनि क्षमता दिनु भएको हुन्छ । कोही मानिस असल शिक्षक हुन्छन् । अरु असल नेता हुन्छन् । हामी इसाईहरुले हाम्रा शरीरका विभिन्न अंगहरुले मिलेर काम गरे जस्तै गरी काम गर्नुपर्छ । हामीले अरुमाथि दया देखाउनु पर्छ । हामी हर्षित हुनु पर्दछ अनि यो हर्ष इसाई जीवनमा हुनु पर्दछ । हामीले अरुहरुलाई, शत्रुलाई समेत प्रेम गर्नुपर्दछ ।

दोस्रो तरिका: चाहिँ हामी भन्दा माथिल्लो तहमा रहेकाहरुलाई, हामी इसाईहरुले सम्मान गर्नु पर्दछ अनि उनीहरुको आज्ञा मान्नु पर्दछ भन्ने हो । यस्ता मानिसहरु हाम्रो बाबु आमा हुन सक्छन्, हाम्रा शिक्षक हुन सक्छन्, वा सुरक्षाकर्मी अनि सरकारी ओहदामा रहेका हाम्रा माथिल्लो तहमा हुन सक्छन् । पावलले स्पष्टसँग हामीलाई शिक्षा दिन्छन् कि परमेश्वरले सरकारलाई हामी भन्दा माथिल्लो तहमा राख्नु भएको छ । संसारमा उचित व्यवस्था र शान्ति कायम राख्नको निम्ति सरकार स्थापित भएको हो । हामीले उचित काम गऱ्यौ भने सरकारले हामीलाई प्रशंसा गर्दछ । जे दुष्टकर्म छ त्यो नै हामीले गऱ्यौं भने हामीलाई दण्ड दिने अधिकार सरकारसँग छ । चौथो आज्ञाले पनि हामीलाई शिक्षा दिन्छ कि हाम्रो जीवनमा हामी भन्दा माथिल्लो तहमा भएकालाई हामीले सम्मान गर्नुपर्छ । हामीमाथि शासन गर्नेहरुलाई हामी प्रेम अनि आदर गर्दछौ किनभने परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ ।

तेस्रो तरिका: इसाई भएर जिउनको लागि पावलले हामीलाई सिकाएको तरिका चाहिँ विश्वासमा कमजोर हुनेलाई सहायता गर्नु हो । पावलले यहूदीहरुको जीवनलाई नयाँ करारको इसाईहरुसँग तुलना गर्दछन् । पुरानो करारमा खानेकुरा र चाडपर्वसँग सम्बन्धित धेरै नै व्यवस्था छन् जुन पालन गर्नु पर्दथ्यो । तर ती सत्य थिएनन् । पुरानो करारका सबै व्यवस्था पालन गर्नको निम्ति येशू आउनुभयो । हामी अब, ती व्यवस्थाबाट मुक्त छौं । अब हामीले तिनीहरुलाई सहायता गर्नुपर्दछ, जसले पुरानो करारको व्यवस्था अझ पनि पालन गर्न खोज्दछन् ताकि तिनीहरुले देख्न सकून् कि तिनीहरु व्यवस्थाको पालन गरेर होइन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा उद्धार गरिएका छन् ।

अन्त्यमा,पावलले हामीलाई सम्झाउँछन् कि यहूदी हुन कि गैर यहूदी, सबैको निम्ति येशू मुक्तिदाता हुनुहुन्छ भन्ने सुसमाचार हामीले अरुलाई सिकाउनु पर्दछ अनि प्रचार गर्नुपर्दछ । विभिन्न सबै देशमा बस्ने मानिसहरुलाई हामीले चेला बनाउनु पर्छ भनेर येशूले हामीलाई आज्ञा दिनु भएको छ । हामी तिनीहरुलाई बप्तिस्मा दिनुपर्दछ अनि येशूले हामीलाई शिक्षा दिए अनुरुप उनीहरुलाई सबै कुरा गर्नको लागि सिकाउनु पर्छ । यस संसारमा रहुन्जेल हामीले आज्ञा पालन गरेको खण्डमा उहाँ हामीसँगै रहनु हुनेछ भनी उहाँ प्रतिज्ञा गर्नुहुन्छ । परमेश्वरको वचन धेरै मानिसहरुलाई सिकाइने छ भनेर हामी प्रार्थनाद्वारा सिकाउन सक्छौ अनि सुसमाचार प्रचार गर्न

सक्छौं । येशूले तिनीहरुलाई गर्नुभएको प्रेम अनि इसाईको हैसियतले हामीले प्राप्त गरेको आनन्दको बारेमा हामी अरु मानिसहरुसँग कुरा गर्न सक्छौ अनि तिनीहरुलाई भन्न सक्छौं । हामी हाम्रा शिक्षकहरुलाई सम्मान गर्न र समर्थन गर्न सक्छौं । देशका अन्य भागहरुमा अनि संसार भरि नै सुसमाचार प्रचार गरियोस् भनेर हामी भेटी दिन सक्छौ ।

वास्तवमा, येशूमा विश्वास गर्नेले धेरै प्रकारले इसाई जीवन जिउन सक्छ ताकि हामीले असल गरेको मानिसहरुले देख्न सकून् अनि प्रशंसा गरुन, तर हाम्रो होइन, स्वर्गका हाम्रा परमेश्वरको ।

अध्याय पाँचका प्रश्नहरुका उत्तरहरु
१. कृपा , २. सेवा, ३. बदलिएको, ४. वरदान, क्षमता, ५. सिकाउनु, ६. आवश्यकता ७ खराब, असल ८ अन्नत, जीवन, ९. आशिष १०. शत्रु, ११. सम्मान,आज्ञा, १२. गल्ती, १३. डराउनु, १४. ख्रीष्ट, सम्मान, आदर, १५. अनुग्रह, १६. अविश्वास, ज्योति, १७. व्यवस्था, १८. पाप, क्षमा, १९. विश्वास, निन्दा, २०. परमेश्वर, वचन,
२१. क. परमेश्वरको वचन सिकाउन सकियोस भनेर हामी प्रार्थना गर्दछौं ।
ख. हाम्रो आशाको बारेमा हाम्रा वरिपरिका अरु मानिससँग कुरा गर्न सक्ने छौं ।
ग. जसले शिक्षा दिन्छ र प्रचार गर्दछ उसलाई हामी सम्मान र समर्थन दिन सक्दछौं ।
घ.परमेश्वरले आशिष दिनुहुन्छ अनि हामी हाम्रो बलि दिन सक्नेछौं ।

## अध्याय पाँचको परीक्षा

१. इसाईको हैसियतले हाम्रो सम्पूर्ण जीवन परमेश्वरको ............... मा समर्पित हुनेछ ।

२. जे ............ छ त्यसलाई हामीले घृणा गर्नुपर्छ तर जे ............ छ त्यसलाई धारण गर्नुपर्दछ ।

३. हाम्रो .......... लाई समेत प्रेम गर्नुपर्छ ।

४. हामीले हाम्रो जीवनमा हामी भन्दा उच्च स्तरमा रहेकाहरुप्रति कसरी .............,.......... र ............ मान्नु पर्छ भन्ने सम्बन्धमा पावलले आफ्नो भनाई व्यक्त गरेका छन् ।

५. यदि तपाईले उचित काम गर्नुभएको छ भने, तपाई प्रशासकसँग ........पर्दैन ।

६. यो ........ कै हामीप्रतिको प्रेम हो, जसले गर्दा हामी इसाईहरुलाई आफू भन्दा माथिकाहरुको .............. र ........... गर्न प्रेरित गर्दछ ।

७. परमेश्वरले हामीलाई .............. को ............ गर्ने उचित तरिका पुरानो करारका व्यवस्था उपयुक्त थिएनन् ।

८. पावलले ........ को ......... सम्बन्धमा उपदेश दिएर अरुलाई शिक्षा प्रदान गरे अनि येशूमाथिको विश्वासको प्रचार गरे ।

९. येशूले गर्नु भएको त्यागको कारणले गर्दा सबै मानिसहरु धर्मी ठहरिएका छन् अनि क्षमा गरिएका छन् भन्ने सुसमाचार प्रचार गर्ने चार वटा तरिकाहरु उल्लेख गर्नुहोस् -

क. ..........................................................

..........................................................

..........................................................

ख ..........................................................

..........................................................

..........................................................

ग ..........................................................

..........................................................


..........................................................

घ ..........................................................

..........................................................

..........................................................

यि प्रश्नहरुको उत्तर पेज नं. १३७ मा पाउन सक्नुहुन्छ ।



पावल लेखकसित समर्पित हुन्छन् ।

*अध्याय ६*

# पावलले रोमीहरुलाई लेखेको पत्रको समाप्ती

## रोमी १६: १-२७

अब हामी रोमीहरुलाई लेखेको पत्रको अन्तिम अध्यायमा आइ पुग्यौं । यस अध्यायमा प्रेरित पावल तीनवटा विषयमा चर्चा गर्दछन्,

* अभिवादन : उनका मित्रहरुलाई, नातेदारलाई अनि सहकर्मीहरुलाई,

* ध्यान दिएर सुन्नको लागि हामीलाई दिइएको अन्तिम चेतावनी, अनि

* सबै इसाईहरुलाई प्रोत्साहनको अन्तिम वचन

यस अध्यायको शुरुका सोह्र पदहरुमा पावल पच्चिस जना मानिसहरुलाई अभिवादन पठाउँछन् । यो पावलले लेखेको अन्य कुनै पत्रहरुमा उल्लेख गरेको भन्दा ठूलो संख्या हो । पावलले उल्लेख गरेका हरेक व्यक्तिको बारेमा हामी चर्चा गर्दैनौ तर केही मानिसहरुको बारेमा अनेक विषयमा जान्न खोज्नेछौं ।

पावलले उल्लेख गरेका धेरै मानिसहरु महिला छन् । इसाई मण्डलीको कार्य संचालन सम्पादन गर्नमा महिलाहरुको महत्वपूर्ण भूमिका हुन्छ । आमाको हैसियतले तिनीहरुले तिनीहरुका नानीहरुलाई येशूको बारेमा सिकाउन उदाहरण बन्न सक्नेछन् अनि येशूका बारेमा जान्नको लागि र साथै इसाईले जिउने उचित तरिका अपनाउन सहयोग गर्न सक्नेछन् । परमेश्वरको वचन अध्ययन गरेर महिलाहरु उदाहरण बन्न सक्दछन्, जसले गर्दा उनीहरुको विश्वास दृढ हुन जान्छ । सुसमाचार प्रचार गर्न महिलाहरु बाइबलमा महिला सेविकाको रुपमा अरु महिलासम्म पुग्न सक्छन् ।

अध्याय १६ को पहिलो पदमा चर्चा गरिएको फिबी त्यस्तै महिला थिइन् । यो पदले हामीलाई बताउँदछ कि तिनले किंक्रियामा भएको मण्डलीमा सेवा गरेकी थिइन । पावल लगायत धेरै मानिसहरुको निम्ति तिनी सहयोगी बनिन् ।

पावलले चर्चा गरेका अर्को पनि पति पत्नीको समूह अकिलास र प्रिस्किल्ला छ । यी दुई इसाईहरु पावलको निम्ति ठूलो सहयोग बन्न पुगे । पद ३ ले हामीलाई बताउँदछ कि पावल सँगै तिनीहरुले परमेश्वरको सेवा गरे । तिनीहरुबाट सिक्ने कुरो चाहिँ के हो भने एक समूह मानिसहरु तिनीहरुको घरमा परमेश्वरको बारेमा ज्ञान पाउन अनि आराधना गर्न भेला भए । जसरी उहिले घरेलु मण्डलीहरु इसाई मण्डलीको इतिहास कै अंग थिए, आज पनि त्यो वास्तविकता नै छ । परमेश्वरको वचन अध्ययन गर्नलाई अनि आराधना गर्नलाई हाम्रो लागि विशाल मण्डली भवन हुनुपर्छ भन्ने छैन । हामी हाम्रो साथीहरु अनि छर छिमेकीहरुलाई आराधना गर्ने समूह तथा अध्ययन गर्ने समूहको रुपमा घरैमा वा कोठामा भेला गर्न सक्छौ । अकिलास र प्रिस्किल्ला  अनि अरु मानिसहरुको बारेमा चर्चा गरिएको अर्को महत्वपूर्ण कुरो भनेको तिनीहरुले आफ्नो जीवन संकटमा हाले भन्ने हो । उहिलेका मण्डलीमा अति  नै सतावट दिइन्थ्यो । पद ७ मा अर्का दुई जना मानिसहरुको चर्चा  गरिएको छ जोहरु विश्वासी भएकै कारणले पावलसँगै जेलमा हालिएको थियो । पद १० मा अपोलसको बारेमा भनिएको छ “उनलाई परीक्षा लिईए तापनि ख्रीष्टका योग्य ठहरिएका थिए । “हिजोआज पनि मानिसहरु हाम्रो गिल्ला गर्दछन्,  अनि हामीलाई चोट समेत पुऱ्याउन सक्छन् किनभने हामी येशूमा विश्वास गर्छौं अनि हामी इसाई भएको खुशी अरुमा बाँड्दछौं । तब त स्मरण

गर्नुहोस् कि येशू हामीसँग हुनुहुनेछ, साथै “हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरु र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरुका निम्ति हरेक कुरामा परमेश्वरले भलाई नै गर्नुहुन्छ” (रोमी ८:२८) ।

केही मानिसहरु पावलका नातेदार नै हुन्छन् जसलाई पावल अभिवादन पठाउँदछन् । पावलले अभिवादन पठाएका धेरै जसो मानिसहरुलाई उनले आफ्नो सेवकाईको यात्रामा भेटेका थिए, जो गैर यहूदी थिए ।

यी सबै परिवारजनलाई, मित्रहरुलाई अनि सहकर्मी विश्वासीहरुलाई यी अभिवादनहरु पठाउने योजना मिलाएपछि पावलले रोमी इसाईहरु अनि आज हामीलाई पद १७ र १८ मा चेतावनी दिन्छन् । उनी लेख्छन् “भाइ हो, म तिमीहरुलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि तिमीहरुलाई सिकाएको धर्म सिद्धान्तको विरुद्धमा फूट र बाधा विघ्न सृष्टि गर्नेहरुलाई नजर राख र तिनीहरुबाट अलग्गै बस । किनभने यस्ताहरुले खीष्ट हाम्रा प्रभुको निम्ति होइन तर आफ्नो पेटको निम्ति सेवा गर्दछन् र तिनीहरुको मीठो मीठो बोली र कुराले सीधासाधाहरुको हृदयलाई धोखा दिन्छन् ।”

“तिनीहरुबाट अलग्गै बस ।” यी शब्दहरु वचनद्वारा पावल सबै इसाईहरुलाई येशूमाथि विश्वास गर्नेहरुमा फूट र बाधा

विघ्न सृष्टि गर्ने मानिसहरुमाथि नजर राख भनी चेतावनी दिन्छन् । त्यस्ता धर्म गुरुहरु अनि मानिसहरुले सम्पूर्ण सत्यतामा परमेश्वरका वचन सिकाउने छैनन् । यस्ता व्यक्तिहरुले परमेश्वरको वचनले दिने शिक्षा भन्दा उनीहरुकै विचार र सिद्धान्तलाई माथि पार्दछन् । यस संसारको अन्त्यको बारेमा बोल्दै गरेको बेलामा येशू स्वयंले हामीलाई यस्तै चेतावनी दिनुभएको थियो । येशूले भन्नुभयो, “होशियार रहो कसैले तिमीहरुलाई भ्रममा नपारोस् । किनभने धेरै जना मेरो नाउँमा “म ख्रीष्ट हुँ” भन्दै आउनेछन्, र धेरैलाई बहकाउने छन्” (मत्ती २४:४,५) । पद १८ मा पावल हामीलाई अझ अरु चेतावनी दिन्छन् किनभने यस्ताहरुले हाम्रा प्रभु ख्रीष्टको निम्ति होइन, तर आफ्नै पेटको निम्ति सेवा गर्दछन्, र तिनीहरुको मीठा मीठो बोली र कुराले सीधा साधाहरुका हृदयलाई धोखा दिन्छन् ।

तसर्थ परमेश्वरले बाइबलमा के सिकाउनुहुन्छ त्यो हामीले पढ्नुपर्छ । त्यसैले हामीले परमेश्वरको वचन सिकाउने प्रत्येक शिक्षक र प्रचारकले परमेश्वरको वचनको सत्यता सिकाउँछन् कि आफ्नै सिद्धान्त विचार सिकाउँदैछन्, त्यसको परीक्षण गर्न आवश्यक छ । चेलाहरुलाई त्याग गर्नु भन्दा पहिले येशूले भन्नु भयो कि तिनीहरुले बप्तिस्मा दिनु पर्छ अनि शिक्षा दिनुपर्छ । परमेश्वरले आज्ञा गर्नु भएको प्रत्येक कुरा तिनीहरुले अनि हामीले शिक्षा दिनै पर्छ । यसले

व्यवस्था अनि सु समाचार दुवैलाई समावेश गर्दछ । यसले व्यवस्थाको पालन गरेर होइन, तर येशू खीष्टमाथिको विश्वासद्वारा हामी उद्धार गरिएका छौं भन्ने हामीले अध्ययन गरेको रोमीहरुलाई लेखेको पत्रलाई पनि यसले समावेश गर्दछ । हामी धर्मी ठहरिएका छौं, हामी क्षमा गरिएका छौ । परमेश्वरको यो वचन भण्डारण गर्नुहोस् ।

पावल अब सबै इसाईहरु, रोममा भएकाहरु, हाम्रो जीवनमा भएकाहरु अनि आजको संसारकै, सबैलाई उत्साहित गर्न चाहन्छन् । पावलको हृदय खुशीले आनन्दित भएको छ । उनका सहकर्मी विश्वासीहरुले परमेश्वरमा शान्ति पाऊन भन्ने उनी चाहन्छन् । परमेश्वरको अनुग्रह, सित्तैमा दिइएको परमेश्वरको प्रेम, सबै इसाईहरुसँगै रहोस् भन्ने उनी आग्रह गर्दछन् । परमेश्वरले हामीमाथि गर्नुभएको सबै थोकको लागि हामी परमेश्वरलाई प्रशंसा अनि महिमा गरौ भनी उनी भन्दछन् । खीष्टमा भएको सु समाचार, जुन उहाँले प्रचार गर्नुभयो र हामीले पनि त्यो प्रचार गर्नु अनि सिकाउनु पर्दछ भनेर उनी (पावल) हामीलाई सिकाउँदछन् । यो सन्देश संसार भरि नै फैलिइयोस भनेर परमेश्वरले आज्ञा दिनुभयो । परमेश्वर हामी सबैले उहाँमा विश्वास गरौ अनि उहाँको आज्ञा पालन गरौ भन्ने चाहनुहुन्छ ।

“ सर्वज्ञानी परमेश्वरलाई येशू ख्रीष्टद्वारा सदा सर्वदा महिमा होस् । आमिन ।”

१. पावलले उल्लेख गरेका धेरै जसो मानिसहरु ........... छन् ।
२. परमेश्वरको ........... अध्ययन गरेर महिलाहरु उदाहरण बन्न सक्छन्, जसले गर्दा उनीहरुको विश्वास बलियो हुन जान्छ ।
३. पहिलेका मण्डलीमा धेरै नै ................................. थियो ।
४. यी वचनद्वारा पावल सबै इसाईहरुलाई येशूमाथि ........ गर्नेहरुमा फूट र बाधा विघ्न सृष्टि गर्ने मानिसहरुमाथि नजर राख भनी ....... दिन्छन् ।
५. परमेश्वरले हामीमाथि गर्नुभएको सबै थोकको लागि हामी ......... लाई प्रशंसा अनि महिमा गरौ भनी उनी आग्रह गर्दछन् ।
६. परमेश्वर हामी सबैले उहाँमा ... गरौं अनि उहाँको आज्ञा पालन गरौ भन्ने चाहनुहुन्छ ।

यी प्रश्नहरुका उत्तरहरु पृष्ठ १३१ मा हेर्नुहोस् ।

## अध्याय ६ को पूनरावलोकन

रोमीहरुलाई लेखिएको उनको पत्रको अन्तिम अध्यायमा प्रेरित पावल धेरै साथीहरुलाई, नातेदाहरुलाई अनि मण्डलीका सहकर्मीहरुलाई अभिवादन पठाउँछन् । येशू ख्रीष्टमा विश्वास गर्ने इसाई भएको कारणले ती मानिसहरुले जीवनमा कति धेरै दुःख कष्ट भ्मेले, र पनि तिनीहरुले उनको मण्डलीमा सहयोग गरेका थिए भन्ने बारेमा पावल स्मरण गर्दछन् ।

त्ससपछि, रोमी इसाईहरुलाई र आज हामीलाई पनि चेतावनी दिइएको छ । येशूमा विश्वास गर्नेहरुको धर्म सिद्धान्तको विरुद्धमा फूट र बाधा विघ्न सृष्टि गर्नेहरु हुन्छन् नै । यी मानिसहरुले बाइबलको सिद्धान्तअनुरुप नसिकाएर गलत धर्म सिद्धान्तको शिक्षा दिन्छन् । यस्ता मानिसहरुबाट हामी अलग्गै बस्नु पर्छ ।

अन्त्यमा, सबै इसाईहरुले परमेश्वरमा शान्ति पाउन अनि परमेश्वरको अनुग्रह तिनीहरुले आफ्नो जीवनमा देख्न सकुन् भनेर उनीहरुलाई उत्साहित गरिएको छ । हामीलाई परमेश्वरले जे जति गर्नुभएको छ, त्यसको निम्ति हामीले उहाँलाई प्रशंसा गर्नु पर्दछ अनि धन्यवाद दिनुपर्दछ । विशेष गरेर येशूले हाम्रो निम्ति गर्नुभएको त्यागद्वारा परमेश्वरले

हाम्रो सबै पाप क्षमा गर्नुभएको छ । हामी अब धर्मी ठहरिएका छौ अनि शान्तिसँग परमेश्वरको साथमा छौं ।

सबै प्रशंसा अनि महिमा परमेश्वरलाई नै दिइनुपर्दछ ।

**अध्याय ६ का प्रश्नहरुका उत्तरहरु**
१. महिला, २. वचन, ३. उत्पीडा ४. विश्वास, चेतावनी, ५. परमेश्वर, ६. विश्वास ।

## शब्दावली

*तपाईले थाहा नपाएका शब्दहरुको सूचि*

**पुर्खा** उहिलेको मानिस, जसबाट अरु मानिसहरु उत्पन्न भएका हुन्, पूर्वज ।

**लज्जित हुनु** केही काम गलत गरेका कारणले मानिसमा पैदा हुने अपराध तथा दुःखको भावना ।

**घमण्ड गर्नु** आफ्नो उपलब्धी तथा क्षमताको बारेमा अति नै गर्व गर्नु ।

**शेखी गर्नु** आफ्नो प्रशंसामा नचाहिँदो बखान गर्नु ।

**खतना** धार्मिक विधि अनुसार पुरुषको लिङ्गको टुप्पोको बढ्ता छाला काटेर फाल्ने क्रिया ।

**फैसला** कुनै व्यक्तिले कानुन अनुसार पाएको दण्ड अधिकारिक रुपले सुनाउने कार्य ।

**भेद** कुनै दुई व्यक्ति वा चिजमा रहेको फरक स्पष्ट छुट्टिने गरी देखाउनु ।

**श्राप** दुष्कर्म गरेको कारणले व्यक्तिमाथि थुपारिन आएको परिणाम ।

**घोषणा** आधिकारिक तथा सार्वजनिक रुपमा केही विषयमा जानकारी दिने काम ।

**समर्पित हुनु** विशेष उद्देश्यको निम्ति आफूलाई सुम्पनु ।

**योग्य** सक्षम हुनु, कुनै काम वा ओहदा वा कुनै चिजको निम्ति उपयुक्त हुनु ।

**सु-समाचार** पापीहरुको अद्धार गर्नको निम्ति येशू यस संसारमा आउनु भएको असल समाचार ।

**कलमी** एउटा वृक्ष, फल वा फूलको हाँगा अर्को बोटमा प्रत्यारोपन गर्नु

**व्यक्ति** खास, विशेष, एक्लो मान्छे ।

**उत्तराधिकार** पैतृक अधिकार प्राप्त गर्नु ।

**प्रोत्साहन** उत्साह दिने काम, सजीव पार्नु ।

**भव्यता** राजा, महाराजाको जस्तो गौरवान्वित, वैभवशाली ।

**डुँड** गाई बस्तुलाई दाना हाल्ने भाँडो ।

**उल्लेख गर्नु** चर्चा गर्नु, कुनै विषयको प्रसङ्ग उठाउनु ।

**पर्यवेक्षण गर्नु** अवलोकन गर्नु, बुझ्नु, हेर्नु ।

**विरोध गर्नु** कोही वा केहीको विरुद्धमा जानु वा काम गर्नु ।

**सतावट** अरुलाई सताउने, दुःख दिने काम, विशेष धार्मिक विश्वासको कारणले दुःख दिने काम ।

**अपवित्र पार्नु** कुनै पनि चिजलाई प्रयोग गर्न नसकिने गरी बिगार्नु, भ्रष्ट पार्नु, पवित्रता, शुद्धता बिगार्नु ।

**गर्व** व्यक्ति विशेषको आफ्नो अत्यधिक महत्व राख्नु ।

**उपलब्ध गराउनु** आवश्यक परेको चिज पाउन सक्ने स्थितिमा तथा पहुँचभित्र पुऱ्याउनु ।

**पश्चात्ताप गर्नु** आफ्नो पाप कर्मको लागि पछुताउनु तथा दुःखीत हुनु अनि येशूद्वारा उद्धार हुने प्रक्रियामा अब उपप्रान्त पाप नगर्ने संकल्प गर्नु ।

**प्रत्युत्तर दिनु** अनुरोध वा कसैले निवेदन गरेकोमा, केही सोधेको वा मागेकोमा जवाफ फर्काउनु ।

**प्रकाश पार्नु** गोप्य कुरा खोल्नु वा बाहिर अरुले थाहा नपाएको कुरो प्रष्ट गर्नु ।

**धार्मिकता** शुद्ध आचरण भएको, येशूले हाम्रो निम्ति पवित्र जीवन बाँचेर अनि हाम्रो पापको निम्ति क्रूसमा मर्नु भएको कारणले हामी धर्मी ठहरिएको अवस्था ।

**प्रलोभनमा पार्नु**   कुनै प्रकारको दुष्कर्म गर्नको निम्ति कसैलाई फसाउनु वा आकर्षण गर्नु ।

# अध्याय परीक्षाका उत्तरहरुः

**अध्याय एक** (१६)
१. शत्रु २. विश्वासी ३. येशू, ४. असल समाचार, ५. परमेश्वर, पुत्र
६. बाँड्नु ७. सुसमाचार, ८. सबै ९. विश्वास १०. विश्वास

**अध्याय दुई** (३४)
१. रिसाउनु, २. पाप, क्रोध ३. मुक्ति ४.असल काम ५.अनुग्रह ६. दश आज्ञा ७. खतना ८. पापी

**अध्याय तीन** (६८ ६९)
१. विश्वास २. पाप ३. क्रूस ४. वरदान ५. मुक्तिदाता ६. हर्ष
७. सन्तान ८.अनन्त जीवन ९. प्रेम, आज्ञा १०.विश्वास, विश्वास, इसाई
११. निश्चित

**अध्याय चार** (८६)
१. वचन २. काम, येशू ख्रीष्ट, विश्वास३. स्वयम् उद्धार, ४.पवित्र बाइबल ५.विश्वास, ६. सन्तान ७.दया

**अध्याय पाँच** (१२० १२१)
१. सेवा २.खराब, असल ३. शत्रु ४.सम्मान, आदर, आज्ञा मान्नु
५. डराउनु ६. येशू, सम्मान, आदेश ७. पाप, क्षमा ८. परमेश्वर, वचन
९. क. तिनीहरुका लागि प्रार्थना गर्नु
ख) अरुसित बोल्नु
ग) उपदेश दिनेहरुलाई हामी सम्मान र समर्थन गर्न सक्छौँ ।
घ) हामी हाम्रो भेटी चडाउन सक्दछौँ ।

(अध्याय छ को परीक्षा छैन)

# अन्तिम परीक्षा

बधाई ! तपाईले रोमीको पुस्तक,पावलको पत्र पढी सक्नु भयो । पुस्तकको पछिल्तिर गएर अध्याय परीक्षाहरुमा काहीँ गल्ती भएका छन् कि भनेर दोहोऱ्याउनुहोस् । प्रत्येक अध्यायको उद्देश्य पनि दोहोऱ्याउर्नुहोस । तपाईलाई सबै उद्देश्यको राम्ररी ज्ञान छ भन्ने विश्वास भयो भने तपाई अन्तिम परीक्षा दिन तयार हुनुहुन्छ ।

यो अन्तिम परीक्षा यो पुस्तकको मूलपाठमा नहेरिकन सिध्याउनुहोस् । जब तपाई सक्नुहुन्छ, यो पुस्तक दिने व्यक्तिलाई नै उतर पुस्तिका जिम्मा दिनुहोस् वा पछाडि दिइएको ठेगानामा पठाउनुहोस् । तपाई अरु पनि बाइबल अध्ययन पुस्तकहरुको माग गर्न सक्नुहुन्छ । तपाई तयार हुनुहुन्छ भने, पुस्तक नहेरीकनै परीक्षा दिनुहोस् ।

## रोमीहरुलाई पावलको पत्र
## अन्तिम परीक्षा

१. प्रेरित पावल, विशेष गरेर ................ द्वारा चुनिएका थिए ।

२. पावल परमेश्वरका पुत्र सम्बन्धी ............... प्रचार गर्न चाहन्छन ।

३. येशूले हाम्रा लागि जे गर्नुभयो, त्यही कारण हामी ............. द्वारा धर्मी ठहरिएका छौँ ।

४. हामी येशूमाथि .... ... ... ... को कारणले उद्धार गरिएका छौँ ।

५. तपाईले अपराध स्वीकार गर्नुपर्दछ अनि भन्नु पर्दछ "मैले परमेश्वरको विरुद्धमा गरेको छु अनि परमेश्वरको ........ मात्र योग्य छु ।

६. धैरै मानिसहरु सोच्दछन कि परमेश्वरले चाहनु भए अनुसार काम गर्नाले तिनीहरु ......................... ठहरिनेछन् ।

७. हामी परमेश्वरको ............ द्वारा मात्र उद्धार गरिएका छौ ।

८. परमेश्वरको अनुग्रह उहाँको ....... हो, जसको ........... हामी छैनौ ।

९. व्यवस्था पालन गरेको कारणले हामीलाई क्षमा दिइएको होइन, तर येशू ख्रीष्टमाथि .. ............... गर्नाले हो ।

१०. जब येशूले हाम्रो स्थान लिनुभयो, तब उहाँलाई हाम्रो पापको सजाय दिइयो अनि उहाँ हाम्रो निम्ति ............ मा मारिनु भयो ।

११. तपाईको विश्वास पनि परमेश्वरको ............ हो ।

१२. परमेश्वरले ......... पठाइदिनु हुन्छ भनेर अब्राहामले विश्वास गरे ।

१३. अब हामी येशूमाथिको विश्वासले गर्दा परमेश्वरको ......... भएका छौँ । हामी, जो येशूमा विश्वास गर्दैछौ ।

१४. हामी येशूमा विश्वास गर्नेहरुको लागि स्वर्गमा .......... प्राप्त छ ।

१५. परमेश्वरको सन्तानको हैसियतले हामी परमेश्वरका इच्छा अनुसार गर्दछौँ अनि हामीलाई उद्धार गर्नु हुनेछ भनेर होइन,तर येशूले हाम्रो निम्ति गर्नु भएको त्यागप्रतिको ....... ले गर्दा उहाँ (परमेश्वर) को पालन गर्दछौँ ।

१६. उहाँ नै पवित्र आत्मा हुनुहुन्छ, जसले हामीलाई ............ मा ल्याउनु हुन्छ, जसले हामीमा ............ कायम राख्नुहुन्छ,अनि जसले .............. जीवन जिउन प्रेरित गर्नुहुन्छ ।

१७. रोमीहरुलाई पावलको पत्रमा परमेश्वर हामीलाई शिक्षा दिनु हुन्छ कि हामीले जीवनमा असल ...........गरेको कारणले होइन तर हामी ......... ........ माथिको ........ द्वारा उद्धार गरिएका छौं ।

१८. ख्रीष्टियान भएको नाताले हाम्रो सम्पूर्ण जीवन परमेश्वरको ............मा समर्पित हुन्छ ।

१९. हामीले दुष्टकर्मलाई............गर्नुपर्छ, तर जे .......... छ, त्यो धारण गर्नु पर्दछ ।

२०. यो ..................कै हामीप्रतिको प्रेम हो, जसले गर्दा हामी इसाईहरुलाई आफू भन्दा माथिकाहरुको ................ र ............. मान्न प्रेरित गर्दछ ।

२१. "तिनीहरुबाट अलग्गै बस" भन्ने शब्दहरु मार्फत प्रेरित पावल सबै इसाईहरुलाई, जसले येशूमाथिको ................. मा नै वाधा विघ्न सृष्टि गर्दछन्, ती मानिसहरुमाथि नजर राख्न भनी .............दिँदछन् ।

२२. पावल हामीलाई सल्लाह दिन्छन कि परमेश्वरले हाम्रा लागि जे जति गर्नुभयो, त्यसको निम्ति हामी ........................को महिमा होस् भनेर प्रशंसा गरौं ।

**कृपया तलको जानकारी  गर्नुहोला ।**

**नाम** ............................................................................

**ठेगाना**

...........................................................................................

...........................................................................................

...........................................................................................

कृपया यो पाठ्य सामाग्री सम्बन्धमा आफ्नो सुझाव दिनुहोला:

...........................................................................................

...........................................................................................

...........................................................................................

...........................................................................................

...........................................................................................

...........................................................................................

बाइबलका
शिक्षाहरुको
श्रृखला

*यस श्रृंखलाका अरु पुस्तक हरु:*

टुकिएको हृदय भएको पिता

जीवीत विश्वास

परमेश्वरले पुरुष र स्त्री सृष्टि गर्नुभयो

मृत्यु पछिको जीवन

परमेश्वर हाम्रो संसारको सृष्टि गर्नुहुन्छ

यूहन्नाको सुसमाचार

इम्माउसको बाटोमा

अरु थप जानकारीको लागि

**बाईबल शीक्षाको श्रेणीको थप पुस्तकहरु चाहिएमा पछाडि को पेजमा दिईएको ठेगानामा पत्राचार गर्नुहोस**

Multi-Language Productions
Bringing the Word to the World

**The Letter to the Romans-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 385172**